# जनकपुरधाम



## जनकपुरधाम सम्पदा मार्ग सीमाङ्कन खाका

(JANAKPURDHAM  HERITAGE ROUT DEMARCATION FRAME- WORK)

*सफा, स्वच्छ, हरियो नगर बनाउने हाम्रो काम ।*
*सुन्दर बाटो/घाटो लक्षित हाम्रो जनकपुरधाम ॥*
*-जनकपुरधाम उपमहानगरपालिका*

**जनकपुरधाम उपमहानगरपालिका**


# जनकपुरधाम सम्पदा मार्ग सीमाङ्कन खाका

(JANAKPURDHAM HERITAGE ROUT DEMARCATION FRAME- WORK)

**प्रतिवेदन**

(REPORT)

जनकपुरधाम उपमहानगरपालिका
यू.के.एड, सुदृढ परियोजना
जनकपुरधाम, धनुषा
प्रदेश नं. २
२०७८



# दुई शब्द

विश्वकै महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थल मध्ये जनकपुरधामलाई एउटा प्रमुख केन्द्रको रूपमा लिने गरिन्छ । जनकपुरधाम उपमहानगरपालिका र यू.के.एड, सुदृढ परियोजनाको अगुवाइमा 'जनकपुरधाम सम्पदा मार्ग सीमाङ्कन खाका प्रतिवेदन' तयार गरेको देख्दा निकै खुशी लागेको छ ।

जनकपुरधाम विश्वकै पर्यटकहरूकालागि एउटा उत्तम धार्मिक गन्तव्य स्थल भएकोले यहाँ सम्म आवत-जावत गर्न यो खाकाले सुगम बनाउनेकमा कुनै शंका छैन । यस खाकालाई आधुनिक प्रबिधिको रूपमा प्रयोग गरी इन्टरनेटको माध्यमबाट जनकपुरधामका विभिन्न पवित्र धार्मिक स्थल, मंदिर, आश्रम, कुन्ज, सागर, सर, पोखरी, तलाउ, कुण्ड, कूपहरूलाई सहजताकासाथ अबलोकन गर्न तयार गरिएको यो प्रतिवेदनले धार्मिक तथा सांस्कृतिक पर्यटकहरूलाई आकर्षित गर्ने कुरामा म पूर्णरूपले सहमत छु ।

अतः यो सीमाङ्कन खाका एउटा सानो प्रतिवेदन भएपनि पर्यटकहरूलाई यस प्राचीनतम् धार्मिक तथा सांस्कृतिक नगरीसम्म आकर्षित गर्न एउटा आधार हुनेछ भनी आशा गर्दछु । धन्यबाद ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका
धनुषा (नेपाल)

<u>विषयसूची</u>


मुखपृष्ट (Front Page)…………………………………………………………...I

सीमाङ्कन खाकाको नाम ( Name of the Demarcation Frame-Work)………..II

दुई शब्द (Two Words)………………………………………………………...III

सारतत्त्व(Abstract)……………………………………………………………१

(१) विषय प्रवेश (Introduction)……………………………………………..२

(२) साहित्य सिंहावलोकन ( Literature Review)…………………………..………४

(३) अनुसन्धान विधि ( Research Methodology)………………..…………..…....६

(४) विश्लेषण (Analysis)……………..………………………………………...७

(१) सडक मार्ग (Road Routs)……………..……………………………………८

(१)मूलमार्ग (Main Routs)……………..…………………………..…..८

(२) सहायक मार्ग (Branch Routs)……………..……………………..…१२

(३) उपसहायक मार्ग (Sub- Branch Routs)……………..……………....१५

(२) करिडोर मार्ग (Corridor Routs)……………..………………………......२३

(१) जानकी करिडोर (Janaki Corridor)……………..……………….….२३

(२) विहारकुण्ड करिडोर (Biharkunda Corridor)………………….…..…२४

(३) मणिमण्डप करिडोर ( Manimandap Corridor)……………..…….…२४

(४) कुपेश्वरनाथ करिडोर (Kupeshwarnath Corridor)…………………२५

(५) जनकहजारी विद्यापीठ करिडोर (Janak Hajari Vidyapith Corridor)..२६

(६) बेलाकुटी करिडोर (Belakuti Corridor)……………..……….…..२७

(७) पापमोचनी करिडोर (Papamochani Corridor)……………..………२७

(८) अन्तर्गृही परिक्रमा करिडोर (Antargrihi Parikrama Corridor)…..…२८

(९) मध्य परिक्रमा करिडोर (Madhya Parikrama Corridor)…………….२९

(५) निष्कर्ष (Conclusion)……………..……………………………………३०

(६) सुझाव ( Recommendation)……………..………………………………३२

सन्दर्भ पुस्तकहरू(Reference Books)……………..……………………३३

जनकपुरधामको नक्शा (Map of Jankpurdham)……………..…………३४

करिडोरको रेखाचित्र ( Figure of Corridors)………………..…...……..३५-४१

# जनकपुरधाम सम्पदा मार्ग सीमाङ्कन खाका

**(JANAKPURDHAM HERITAGE ROUTE DEMARCAION FRAME-WORK)**

## सारतत्त्व (Abstract)


जनकपुरधाम निकै पुरानो धार्मिक नगरको रूपमा प्रसिद्ध छ । यसलाई दुई पाटोमा हेर्नुपर्ने हुन्छ । पहिलो पाटो भनेको प्राचिन जनकपुरधाम र दोस्रो पाटो भनेको आधुनिक जनकपुरधाम रहेका छन् ।

प्राचीन जनकपुरधाम जनकको नगरी, मिथिलाको राजधानी एवं सीताको जन्मभूमिको रूपमा इतिहासमा प्रख्यात छ । मिथिलाका राजा जनकको नामबाट नामाकरण भएको जनकपुरधाम हिन्दू धर्मालम्बीहरूका लागि प्राचीन कालमा पनि एउटा पवित्र तीर्थस्थल वा धामको रूपमा विश्वविख्यात थियो । विश्वका मानिसहरू जनकपुरधाममा शिक्षा आर्जन गर्न आउँथे र शिक्षित भएपछि आ-आफ्ना स्वदेश फर्कन्थे । त्यसवेला समेत जनकपुरधाम एउटा पर्यटकीय स्थलको रूपमा विश्व प्रसिद्ध थियो । यस नगरलाई प्राचीन कालका ऋषि-मुनिहरूले तपोभूमिको रूपमा सजाएका थिए । यसलाई रामायण, वेद, पुराण, उपनिषद्, वृहत् विष्णुपुराण र मिथिला माहत्म्यले समेत एउटा अति पवित्र स्थलको रूपमा व्याख्या गरेका छन् । प्राचीन कालमा यस ठाउँमा आवत-जावत गर्ने के कस्ता रूटहरू थिए अहिले ती कुराहरू खोजको विषय रहेको छ ।

आधुनिक जनकपुरधामको खोजीको श्रेय महात्मा शूरकिशोरदास वैष्णवलाई जान्छ । आज भन्दा करिब ४०० वर्ष अघि राजस्थानको लोहागढबाट उहाँ जनकपुरको खोजमा यहाँ आएका थिए । त्यसबेला जनकपुर रहेको ठाउँमा जंगलै-जंगल थियो । यहाँ आएर सानो कुटी बनाइ माता जानकीको प्रतिमा स्थापित गरेर निकै पवित्र भावनाले उनलाई पुज्दै आए । महात्मा शूरकिशोरदास वैष्णवको निष्ठावाट प्रभावित भएर वि.सं. १७८४ मा मकवानपुरका राजा मानिकसेनले १,४०० विघा जमीन दान स्वरूप प्रदान गरे । यस किसिमले जनकपुरको प्रसिद्धि सुनेर टाढा टाढावाट संतहरू यहाँ आउन थाले । विस्तारै विभिन्न ठाउँका दाताहरू यहाँ आएर मन्दिरहरूका निर्माणमा सहयोग गर्न थाले । जनकपुरधामको निर्माणमा सन्त-महन्थहरूका प्रमुख भूमिका रहेको छ ।

वर्तमान समयको जनकपुरधाम नेपालको एउटा विकसित नगरको रूपमा स्थापित छ । यहाँ पर्यटकहरूको आवत जावतमा निकै वृद्धि भएको छ । पर्यटकहरूलाई

जनकपुरधामसम्म आवत जावत गर्न सजिलो कसरी हुने ? सोचका साथ जनकपुरधाम सम्पदा मार्ग सीमाङ्कन खाका तयारीको सिलसिलामा यो सानो खोज प्रतिवेदन तयार हुन लागेको छ । यस खाकालाई आधुनिक प्रविधिको प्रयोग गरि इन्टरनेटको माध्यमबाट जनकपुरधामका विभिन्न पवित्र स्थल, पोखरी, तलाउँ, कुवा, कुण्ड, कूप, मंदिर-कुटीहरूलाई सहजता साथ अवलोकन गरोस भने उद्देश्यका साथ यस खाकालाई कोर्ने काम गर्न खोजेको छ ।

अहिले सम्म बाटो-घाटोलाई राम्रोसंग व्यवस्थित गरेको देखिँदैन । हालको सडक सञ्जालको अवस्थालाई हेर्दा पर्यटकहरू जनकपुरधामलाई कसरी समात्ने हो ? कठीन रहेको देखिन्छ । यस खाकाबाट जनकपुरधामका विभिन्न धर्मस्थल, जलाशय, मंदिर, कुटीहरू सम्म इन्टरनेटको सहयोगले कुनै अर्काको सहयोग विनानै गन्तव्य स्थलहरूमा पुगी दर्शन गरेर फर्कन सहयोग पुग्ने छ । अर्कोतिर नेटमा राख्दा विश्वका पर्यटकहरू घरै बसी बसी आफ्ना ल्यापटप, मोबाइल तथा अन्य विधुतीय साधनबाट पता लगाइ जनकपुरधाम बारे विस्तृत जानकारी लिन सक्नेछन् । यसरी जनकपुरधामको पर्यटन क्षेत्रले भोलीको दिनमा एउटा निकै असल गन्तव्य हुने छ भन्ने विश्वास लिन सकिन्छ ।

**(१) विषय प्रवेश (Introduction):**

कुनै पनि राष्ट्रलाई समृद्धिको बाटोमा अगाडि बढाउन पर्यटन व्यवसायको प्रमुख हात रहेको हुन्छ । पर्यटन व्यवसायवाट देशको आर्थिक विकासको साथसाथै सांस्कृतिक चिनारी र समृद्धिमा निकै ठूलो सहयोग पाउन सकिन्छ । यसै व्यवसायद्वारा मूल रूपले विदेशी मुद्रा आर्जन गर्न एउटा ठूलो आधार हुनेमा शंका छैन । यसले युवावर्गहरूका लागि रोजगारीको अवसर समेत श्रृजना गरेको हुन्छ ।

हाम्रो देशमा पर्यटनको इतिहास निकै पुरानो छ । जनकपुरधाम प्राचीन कालमा विद्वान, व्यापारी, कलाकार, शिक्षक, कवि आदिको केन्द्र थियो । सबैभन्दा ठूलो धार्मिक पर्यटन केन्द्रको रूपमा जनकपुरधामलाई लिने गरिन्थ्यो । हुन पनि जनकपुरधाम तीन वटा शब्द मिलेर बनेको छ जसले जनक भनेको पिता, पुर भनेको नगर तथा धाम भनेको देव भूमिलाई दर्शाउँछ । यसबाट के बुझिन्छ भने जनकपुरधाम प्राचीन कालदेखि नै पर्यटन क्षेत्रको उत्पत्ति स्थल रहेको बुझ्न सकिन्छ । एउटा कुरा निश्चित छ कि आज जस्तो सडक मार्ग, रेल मार्ग, तथा हवाई मार्ग को विकास भएको थिएन । आज जनकपुरधामसम्म आवत-जावत गर्न सडक मार्ग, रेल मार्ग तथा हवाई मार्गको सेवा उपलब्ध छ । मानिस

भारतको कुनै ठाउँवाट यी तीनै मार्गको प्रयोग गरि जुन बेला पनि जनकपुरधामसम्म आवत जावत गर्न कुनै किसिमको कठिनाइको सामना गर्नु पर्दैन । विदेशबाट जनकपुरसम्म आउन - जान मूल रूपले हवाई सेवाको प्रयोग गर्न सकिन्छ ।

जनकपुरधाममा प्राचीन कालका अवशेषहरू अहिले मूल रूपले पोखरी, तलाउ, कुण्ड, कूप तथा केही मार्गलाई लिन सकिन्छ । यी मठ-मन्दिरहरू जीर्ण हुँदै गएपनि अहिले हामी जे देख्छौं ती सबै नयाँ निर्मित रहेका छन् । बाटो घाटोको रूपमा जे  जस्तो अबस्था रहेपनि तीनैवटा परिक्रमा मार्गलाई अहिले पनि प्रमाणको रूपमा लिन सकिन्छ । बृहत परिक्रमा जो मिथिलाको सीमाको चारैतिर घुमेको छ । कोसी र गंगाको मिलन बिन्दुमा पुगेर पशिचम तिर लाग्दै पुनः नारायणी र गंगाको मिलन विन्दुवाट उत्तर तिर जानुपर्ने हुन्छ ।  नारायणी नदीको चुरिया श्रृखला सम्म पुगी पूर्वतिर लाग्नु पर्ने हुन्छ । यस्तै क्रमशः पूर्वतिर जाँदा जाँदै कोसी र गंगाको मिलन विन्दुमा पुग्दछ । जनकपुरधाममा आएर विसर्जन गरेका हुन्छन ।

यस्तै पंचकोसी मध्यम परिक्रमा जो धनुषाको कचुरीमा स्थित मिथिला बिहारी मंदिरबाट फाल्गुण आमावस्याका दिनदेखि शुरू भई पहिलो विश्राम हनुमान नगरमा गरेर भोली पल्ट कल्याणेश्वरमा गएर दोस्रो विश्राम लिन्छन् । भोलीदेखि बृत आकारमा पश्चिमतिरबाट गिरिजास्थान, मठियानी, जलेश्वर, मडै, ध्रुवकुण्ड, कन्चनवन, पर्बता, धनुषाधाम, सतोषर, औरही, करूणा, विसौल हुँदै पुनः जनकपुरधाममा आएर विसर्जन गर्ने गरिन्छ ।

तेस्रो तहमा आउने परिक्रमाको नाम लघुपरिक्रमा/ अन्तर्गृही परिक्रमा जो जनकपुरको कदमचौक बाट शुरू भई पुन त्यही आएर विसर्जन गरि आ-आफ्ना घर फर्कने गर्दछन् ।

आधुनिक जनकपुरमा सडक सञ्जाल लाई हेर्दा व्यवस्थित बनेको छैन । यस्ता अव्यवस्थित सञ्जाललाई व्यवस्थित गर्नका लागि नै सम्पदा मार्ग सिमाञ्कन खाका तयार गर्ने काम शुरू भएको छ । अव आउने पर्यटकहरूलाई नेटको माध्यमबाट स्वयं निधारित ठाउँमा पुग्न सकिन्छ । जनकपुरधामको लागि यस्ता खाकाको निकै आवश्यकता थियो । आशा गरौं अब उप्रान्त यस खाकाले यस समस्यालाई छिटै समाधान गर्ने नै छ ।

रेलमार्गको अवस्था अहिले पनि तयारी अवस्था मा नै रहेको छ । भारतको जयनगर देखि जनकपुरधामको कुर्थासम्म रेल्वे लिक तथा वोगीहरू तयार अवस्थामा रहेपनि चालू कहिले होला ठेगान छैन । आशा गरौं निकट भविष्यमा चालू हुनेनै छ ।

हवाई सेवा पनि घुमाउरो छ । जनकपुरधाम आवत-जावत गर्न काठमाण्डू हुँदै आउनु पर्ने हुन्छ । जनकपुरधामको हवाई मैदानलाई क्षेत्रीय स्तरको मैदानमा विकसित गरी कम्तिमा भारतबाट सोझै जनकपुरधामसम्म आवत- जावत भई दिएमा पर्यटकहरूलाई निकै ठूलो सहयोग भेट्ने थिए होला ।

हुनत जनकपुरधामको महत्ताको बारे धेरै बढी उल्लेख गर्नु पर्दैन होला किनभने भारतीय राष्ट्राध्यक्ष, शासनाध्यक्ष, प्रान्तीय प्रमुख, मुख्यमंत्री आदि प्रमुख व्यक्तित्वहरूका आगमनले स्फूर्त भएको छ । नेपालका पूर्व राजा, पूर्व राष्ट्रपति, वर्तमान राष्ट्रपति तथा पूर्व प्रधानमंत्री देखि वर्तमान प्रधानमंत्रीसमेत जनकपुरधाममा आएर जानकी माताको आशिर्वाद विना देशको बागडोर लिने गरेको देखिएन ।

अहिले जनकपुधाम प्रदेश नं. २ को राजधानी, धनुषा जिल्लाको सदरमुकाम रहेकाले यसको विकासमा उनीहरूको योगदान निकै महत्त्व राख्दछ । स्थानीय सरकारको रूपमा रहेका जनकपुरधाम उप महानगरपालिका यसका विकासकालागि आधार स्तम्भ नै रहेको हुनाले अवको दिनमा जनकपुरधामको बाटो-घाटोको सुधार नहुने कुरै छैन । अहिले ढल्केवरदेखि जटहीसम्मको सिक्स लेन सडक, भीठामोरदेखि जनकपुरधाम सम्मको फोरलेन सडक, हुलाकी सडकको पक्कीकरणले गर्दा जनकपुरधामको मुहार पक्कै पनि सुधारोन्मुख रहेको मान्न सकिन्छ ।

## (२) **साहित्य सिंहावलोकन (Review of Literature):**

प्राचीनकालका राजर्षि जनक, माता जानकी एवं विभिन्न विद्वान ऋृषि मुनिहरूबाट निर्मित भूमि जनकपुरधाम विश्वमा नै प्रसिद्ध थियो । जनकपुरधामले पाएको महत्ताको उल्लेख बृहत् विष्णु पुराण, महाभारत, रामायण, मिथिला महात्म्य आदि ग्रन्थहरूले पनि प्रमुख स्थान दिएर वर्णन गरेका छन् ।

आधुनिककालमा जानकी मंदिरको प्रथम महन्थ सन्त शूरकिशोरदास वैष्णवद्वारा रचित 'मिथिला विलास', राममंदिरका महन्थ विशेश्वर गिरीद्वारा रचित 'जनकपुर तीर्थादी एवं मिथिला महात्म्य' को रचनावाट नेपाल सहित भारतको चारै धामसम्म प्रचार-प्रसार गराइयो

। यस्तै रामानन्द आश्रम⁄ दुल्हा-दुल्हिन मंदिर का संस्थापक महन्थ अवधकिशोर दास 'प्रेम निधि' ले २००४ सालमा 'जनकपुरधामको झाँकी' पुस्तक प्रकाशन गरेर यस धाम तिर देशी -विदेशी पर्यटकहरूलाई ध्यानाकर्षण गराएका थिए ।

यस्तै पं. जीवनाथ झा द्वारा २०१५ सालमा प्रकाशित 'जनकपुर परिचय', रामस्वरूप बी.ए. द्वारा प्रकाशित 'जनकपुर महिमा', पं. रघुनन्दन झा द्वारा २०२३ सालमा प्रकाशित 'मिथिला महात्म्य दर्पण', रामकुमार शरणद्वारा लिखित 'मिथिला महात्म्य', प्रा.शंकरलाल मुरारकाद्वारा प्रकाशित 'जनकपुरपुंज', महेन्द्र मलंगियाद्वारा प्रकाशित 'मै जनकपुर हुं' पं. रोहणीबल्लभ शर्माद्वारा रचित संस्कृत भाषामा 'मिथिला सौरभ' तथा चन्द्रशेखर उपाध्यायद्वारा नेपाली खण्ड काव्यको रूपमा लिखित 'जनकपुर मिमांसा' जस्ता पुस्तकको माध्यमबाट जनकपुरधामको परिचय र महत्त्व नेपाल भारतको कोना-कोनासम्म पुऱ्याएका छन् ।

यस्तै अन्य रचयिताहरूमा पं. सुरेश झा द्वारा रचित 'मैथिली मिथिला महात्म्य' डा. रामदयाल राकेश द्वारा अंग्रजी भाषामा लिखित 'जनकपुर द सेकरेड जीवेल अफ नेपाल' तथा 'मिथिलाञ्चलके प्रमुख पर्यटकीय स्थल', पं.श्रीकृष्ण द्वारा रचित हिन्दी, दोहावलीमा 'जनकपुर दर्शन', विष्णुप्रसाद उपाध्यायद्वारा लिखित 'मिथिला महात्म्य' शिवेन्द्रलाल कर्ण र नारायणप्रसाद रिमाल द्वारा लिखित 'जनकपुरधामको मठ-मंदिर', रामभरोस कापडि 'भ्रमरका 'जनकपुरधामको सांस्कृतिक सम्पदा', पुष्पराज चमनद्वारा रचयित 'जनकपुरधामको ऐतिहासिक र आध्यात्मिक दृष्टिकोण' तथा रामहृदयप्रसाद द्वारा लिखित प्रकाशित जनकपुरको कथा व्यथा एंव जनकपुर दर्शन आदि पुस्तकहरूले जनकपुरधामको महिमालाई निकै उजागर गरेको हेर्न सकिन्छ ।

यस्तै केही विदेशी विद्वान लेखकहरूले समेत जनकपुरधाम बारे विभिन्न पुस्तकहरू लेखेका हेर्न सकिन्छ । यी विद्वान लेखकहरू मध्ये केही प्रसिद्ध विद्वानहरू क्रमशः अदुल्यादेज बरघट रिचार्ड, माखन झा, थोमस केली, कृष्णचन्द्र मिश्रा आदि हुन् । यस्ता अनेक विद्वान लेखकहरूले जनकपुरधामबारे आफ्ना विभिन्न पुस्तक प्रकाशित गराएका छन् । यी पुस्तकहरू जनकपुरधामको महिमालाई निकै रोचक ढंगले उजागर गर्ने काम गरेका छन् ।

यसका लेखक डा. रामसागर पंडितद्वारा लिखित 'सोसियो-कल्चरर हेरिटेज अफ जनकपुरधाम' (अंग्रेजीमा) रहेको छ । जनकपुरधामको चर्चा पुराण, वेद तथा धार्मिक ग्रन्थहरूमा समेत उल्लेख छ । पौराणिक कालमा जनकपुरधामको बाटो-घाटो कस्ता थिए

यसको विस्तृत विवरण पता लगाउन विस्तृत तथा गहिरो अनुसन्धानको आवश्यकता छ तर यति मात्र भन्न सकिन्छ कि जनकपुरधामसंग विभिन्न धार्मिक, सांस्कृतिक नगरीहरूका सम्बन्ध राम्रो रहेकाले एक नगरबाट अर्को नगरसम्म आवत जावत गर्न राम्रै बाटो घाटो रहेको अनुमान मात्र गर्न सकिन्छ । आजको जनकपुरधामलाई विश्व जगतसंग जोडि सकिएको छ । जहाँबाट पनि जनकपुरधामसम्म आउन-जान हवाई मार्ग, सडक मार्ग तथा रेल मार्गलाई सजिलै प्रयोग गर्न सकिन्छ ।

## ३. अनुसन्धान बिधि (Research Methodology) :

विद्वानहरू अनुसन्धानात्मक प्रतिवेदन तयार गर्दा विभिन्न किसिमका विधिहरू अपनाउने गरेका हुन्छन् । केनै पनि अनुसन्धान लेखनकालागि तथ्याङ्क आवश्यक हुन्छ । प्रत्येक अनुसन्धान पत्रले पूर्ण परिचय, विवरण, यसका सहसम्बन्ध, स्रोत उत्पति, अवस्था, उपचार र वर्तमान स्थिति समेटिनु पर्ने हुन्छ । यी तथ्याङ्क एउटा निश्चित क्षेत्रबाट संकलन गर्नु पर्छ जो अनुसन्धानकर्ताको जानकारीमा हुन्छ । कुनै पनि अनुसन्धानको गुणस्तर गुणस्तरीय गणकमाथि निर्भर हुन्छ । गणक अनुभवी र सक्षम हुनुपर्छ । तथ्याङ्क संकलन गर्दा प्रशासकीय प्रबन्ध पनि चुस्त र दुरूस्त हुनुपर्दछ ।

अनुसन्धान काम पूरा गर्न विभिन्न तरिका अपनाएका हुन्छन् । एउटा राम्रो अनुसन्धान प्रणालीगत तथा नियन्त्रित प्रयोगमा आधारित हुनुपर्दछ । अनुसन्धान पत्र बैज्ञानिक बिधिमा आधारित हुनुपर्दछ । यसले गहिरो तथा विस्तार क्षेत्रलाई समेटेको हुनुपपर्दछ । कुनै पनि अनुसन्धानमा बढी भन्दा बढी सूचना तथा संचारलाई प्रयोग गरेको हुनुपर्दछ । कुनै पनि अनुसन्धान मानब जातिलाई केन्द्र बिन्दुमा राखेर पूर्णता दिनु पर्दछ ।

तथ्याङ्क संकलन गर्ने दुई किसिमका बिधिहरू अपनाइने गरेका हुन्छन् । ती विधिहरू क्रमशः प्राथमिक र माध्यमिक विधि हुन । प्राथमिक विधि एउटा सम्बन्धित क्षेत्रबाट तथ्याङ्क संकलन गरेको हुन्छ । यसलाई अर्जिनल तथ्याङ्क पनि भनिन्छ । यस पत्रलाई पूर्णता दिन बढी भन्दा बढी प्राथमिक तथ्याङ्कलाई प्रयोगमा ल्याइएको छ । माध्यमिक तथ्याङ्क एउटा त्यस्तो तथ्याङ्क हो जो विभिन्न प्रकाशित पुस्तक, पत्रपत्रिका, मैगजीन, जर्नल्स आदिबाट संकलित हुन्छन् । यस पत्रमा दुबै तथ्याङ्कलाई प्रयोगमा ल्याइएका छन् । मुख्य पुस्तकहरू मध्ये रामायण, महाभारत, बृहत् विष्णु पुराण, विभिन्न आधुनिक पुस्तकहरूलाई प्रयोगमा ल्याइएका छन् । यी पुस्तकहरू ऐतिहासिक तथा पौराणिक दस्ताबेजहरू छन् ।

केही तथ्याङ्क प्राथमिक विधिद्वारा संकलन गरिएका छन् । विभिन्न साधुसन्तहरू कहाँ गणकहरूलाई पठाएर वास्तविक तथ्याङ्क संकलन गर्ने काम भएको छ । म आफै केही पुस्तकालयमा सम्पर्क गरेर तथ्याङ्क संकलन गरेको छु । गलत तथ्याङ्कले अनुसान्धानकर्ताको मांग अनुसार तथ्य समाधान गर्न सहयोग गर्दैनन् वरु अनुसन्धानलाई अर्को दिशातिर फर्काउन सक्छ ।

सामान्यतः एउटा अनुसन्धानकर्ताले निर्धारित उद्देश्य अनुसार तथ्याङ्क संकलन गरेका हुन्छन् । यसमा स्मार्ट (SMART) सूत्रलाई प्रयोग गरेका हुन्छन् । स्मार्ट भनेको विशिष्टता मापनयोग्य, पहुँच, वास्तविकता र समय निर्धारणलाई जनाउँदछन् । अनुसन्धानकर्ता आफै लक्ष्य तथा योजनासंग जानकार हुनुपर्दछ । कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धानकर्ता आफै सतर्क र सक्रिय रहनु पर्छ अन्यथा अनुसन्धानले प्राप्त गर्ने उद्देश्य अर्को बाटो समात्न सक्छ ।

यस पत्रमा जनकपुरधामको सांस्कृतिक मार्गको ढाँचा तयार गर्न जनकपुधामका सम्पूर्ण बाटाघाटासंग नजिक भई यसका तथ्याङ्क संकलन गरिएका छन् । यस्ता बाटा-घाटा का तथ्याङ्क संकलन गर्दा प्राचीनदेखि वर्तमानसम्मका बाटा-घाटालाई ध्यानमा राखी अनुसन्धान पत्रमा समेट्ने काम भएको छ । लेखक आफै ठाउँ ठाउँमा गएर वास्तविक तथ्याङ्क संकलन गरेको हुनाले यस अनुसन्धान पत्रमा त्रुटिको सम्भावना निकै न्यून हुनुपर्दछ । जनकपुरधामकालागि यो एउटा नवीन काम हुन गइरहेकोले बडो सतर्कतापूर्वक काम गर्नु पर्ने हुन्छ । यसैलाई ध्यानमा राखी अनुसन्धानकर्ताले वडो मिहिनेत साथ पत्र तयार गरिरहेको कुरा जानकारी गराउन चाहन्छ ।

### (४) **विश्लेषण (Analysis):**

जनकपुरधाममा अहिले केही सडक सञ्जालको विकास भएपनि कहाँवाट शुरू गर्ने र कहाँ गएर अन्त गर्ने किटानीसाथ राखेको देखिएन । शुरू-शुरूमा ढल्केवर-भीठामोर सडकको निर्माण हुँदा जनकपुरधाममा एउटा जिरो माइलको केन्द्र बनाइयो । राष्ट्रिय- अन्तराष्ट्रिय पर्यटकहरू आउँदा जनकपुरधामको पर्यटन कहाँवाट शुरू गर्ने र कहाँ अन्त गर्ने निश्चितता देखिएन । यसै समस्यालाई मनन गरी जनकपुरधाम सम्पदा मार्ग सीमाङ्कन खाका तयार गर्ने काम यस संस्थाबाट निश्चय गरे अनुसार यस खाकालाई पूर्णता दिने काम भएको छ ।

यस खाकामा जनकपुरधामका सम्पदाहरूसंग नजिक हुन जम्मा नौवटा करिडोरमा वाँडेर भ्रमण बाटालाई सजिलो बनाइएका छन् । ती नौवटा करिडोर क्रमशः जानकी करिडोर, विहारकुण्ड करिडोर, मणिमण्डप करिडोर, कुपेश्वरनाथ करिडोर, विद्यापीठ करिडोर, बेलाकुटी करिडोर, पापमोचनी करिडोर, अन्तर्गृही परिक्रमा करिडोर र मध्यमा परिक्रमा करिडोर रहेका छन् । यी सबै करिडोरको मूल केन्द्र जानकी चौक लाई निश्चित गरिएको छ । जहाँबाट आए पनि जानकी चौकवाट शुरू गरी पुनः यसै चौकमा फर्कने गरी करिडोर तयार गरिएको छ । यसमध्ये मध्यमा परिक्रमा करिडोर जनकपुरधामभन्दा वाहिर रहेको छ । मध्यमा परिक्रमा सडक जनकपुरधामलाई केन्द्र मानी पाँच कोसको दूरीमा बृताकार रहेको हुनाले नै यसको अर्को नाम पंचकोसी परिक्रमा सडक पनि भनिन्छ ।

## ४.१ सडक मार्ग (Road Routs)

यस खाका अनुसार जनकपुरधाम अवस्थित प्रत्येक सडकलाई करिडोरमा राखी एउटा नयाँ किसिमका विद्युतीय वाटो तयार गर्ने लक्ष्यसाथ अगाडि बढेको छ । यसबाट पर्यटकहरू जनकपुरधाम प्रवेश गर्दा विना कसैको सहयोगमा पूरै जनकपुरधामलाई भ्रमण गरी समय भित्रै आफ्नो गन्तव्य स्थानमा फर्कने छन् । यसले देशी बिदेशी पर्यटकलाई यहाँ भ्रमण अवलोकन गर्न कति समय लाग्ने छ भने यकिन गर्न सजिलो बनाई सहयोग गर्नेछ । सबैभन्दा पहिले जनकपुरधामका सम्पूर्ण मार्गलाई तीन भागमा वाँडेर देखाइएका छन् जो निम्न अनुसार रहेका छन् :

**(१) मूलमार्ग (Main Routs)**

**(२) सहायक मार्ग (Branch Routs)**

**(३) उप सहायक मार्ग (Sub-branch Routs)**

**(१) मूलमार्ग (Main Routs) :**

मूल मार्ग भनेको यस्ता मार्गहरू छन जसले जनकपुरधामलाई बाहिरी खण्ड संग जोडेका छन् । यस्ता मार्गभित्र अन्तर्गृही परिक्रमा मार्ग, जनकपुरधाम-कमला मार्ग, जनकपुरधाम-भिठामोड मार्ग, जनकपुरधाम-ढल्केवर मार्ग, जनकपुरधाम-जटही मार्ग र जनकपुरधाम-धनुषाधाम मार्ग रहेका छन् । यी मार्गहरूका वर्णन निम्न अनुसार गरिएका छन् ।

**(१) अन्तर्गृही परिक्रमा मार्गः**

यसले जनकपुरधाम नगर भित्रै मूल रिगं रोडको काम गरेको छ । हाल यसलाई पक्कीकरण गरिएको छ । यस मार्गको विगतमा मूर्त रूप दिने काम मौनीबाबा अवधकिशोर दास बैष्णवले गरेका थिए । उहाँले सडक मात्र जिर्णोद्धार गरेका थिएनन् बरु वातावरणीय कुरालाई ख्याल गरी सडकको दायाँ बायाँ भागमा आमलगायत अन्य रूखका विरुवाहरू वृक्षारोपन गरी जनकपुरधामलाई हरिया भरिया बनाएका थिए । यस मार्गको दायाँ-वायाँ भागमा अवस्थित सांस्कृतिक सम्पदाहरू निम्न अनुसार रहेका छन् :

(१) पञ्चमुर्खा मनोकामनासिद्ध हनुमान मंदिर, कदम चौक,

(२) राधाकृष्ण मंदिर, गोपाल सेवा समिति, विषहरा चौक,

(३) मुरली सर (पोखरी), विद्यापति चौक,

(४) राधाकृष्ण मंदिर (मुरली सरको डीलमा), विद्यापति चौक,

(५) अब्जेश्वर महादेव मठ , विद्यापति चौक देखि पश्चिम,

(६) विश्वकर्मा मंदिर, विश्वकर्मा चौक,

(७) रामजानकी कुटी, पुरानो वस स्टैण्ड चौक,

(८) याज्ञवल्क्य संस्कृत मा. वि, ज्ञानकूप,

(९) प्रेमलता रमण निकुञ्ज, जनकपुर चुरोट कारखाना लिमिटेड नजिक,

(१०) सोना महारानी देवी मंदिर, कदम चौक ।

यस्तै सडकको ठाउँ-ठाउँमा अवस्थित चौकहरू क्रमशः कदम चौक, विषहरा चौक, विद्यापति चौक, भ्रमरपूरा चौक, वाल्मिकी चौक, पिडारी चौक, शुभनायण चौक, भानु चौक रहेका छन् । यस र्मागको दायाँ-वायाँ भागमा अवस्थित मंदिर तथा कुटीहरूमा गाइने भक्ति संगित, कीर्तन-भजन, लोकगीतहरूलाई अमूते सम्पदाको रूप लिन सकिन्छ । यस मार्गको नाम मौनीबाबा अवधकिशोर मार्ग राख्नु उत्तम हुनेछ । यस मार्गको नामवाट महान आत्मा मौनी बाबा अवधकिशोर दास वैष्णवको स्मरण भई रहनेछ ।

**(२) जनकपुरधाम- कमला मार्गः**

यस मार्गको लम्वाइ ३० किमी छ । यो मार्ग शिवचौक बाट शुरु भई हुलाकी सडक मार्फत कमला नदीसम्म पुगेको छ । यसले मिथिलाका पवित्र नदीहरू जलाइद, जमुनी, विमला, भूस, बछराजालाई पार गर्दै कमलामा जोडिन्छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने चौक बजारहरूमा शिव चौक, कदम चौक, कीर्तनभवन चौक (कपिलेश्वर), परवाहा बजार, तिनकौरिया बजार, नहर चौक (एकराही), सराबे चौक, लगमा बजार, सधारा चौक रहेका छन् । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा शिवमन्दिर (शिव चौक), गंगासागर, रामजानकी कुटी (गंगासागर), बडही कुटी, सोनार कुटी, पंचमुखी मनोकमनासिद्ध हनुमान मंदिर, कपिलेश्वर कीर्तनभवन, रामेश्वरनाथ महादेव (महुवा), सल्हेश मन्दिर (तिनकौरिया) रहेका छन् । यस मार्गको छेउछेउ पर्ने मूर्त सम्पदाहरूमा गाइने गंगा आरती (गंगासागर), सल्हेश गहवरमा गाइने महरा लोकगीत भक्तिगीत, तथा कमलाको भुतमेलामा गाइने महराइलाई लिन सकिन्छ । यस मार्गको दायाँ-वायाँ भागमा अवस्थित चौक वजारमा विभिन्न सामानका व्यापार फस्टाएका छन् । खासरूपले यो क्षेत्र कृषिक्षेत्र रहेकोले खाद्य व्यापार वढी फस्टाएका छन् । यस मार्गको प्रस्तावित नाम कमला मार्ग हो ।

**(३) जनकपुरधाम-भीठामोड मार्ग :**

जनकपुरदेखि यस सडकको लम्बाइ २५ कि.मी. रहेको छ । यस मार्गको छेउछाउमा पर्ने चौक बजारहरूमा क्रमशः विन्धी चौक, पिपरा बजार, पिगौना चौक, जलेश्वर बजार रहेका छन् । यसका दायाँ-वायाँभागमा पर्ने सम्पदाहरू मध्ये मुख्य मूर्त सम्पदाहरू दूधमती गंगा, बेलामा रहेका रामजानकी तथा शिव मंदिर, विन्धीको पोखरी तथा जलेश्वरनाथ महादेव रहेका छन् । अमूर्त सम्पदा मध्ये मंदिरहरूमा गाइने भजन-कीर्तन, भक्तिगीत, लोकगीत लाई लिन सकिन्छ । यस धार्मिक ठाउँहरूमा मानिसहरू पूजाका सामग्रीहरू फूलमाला, बेलपत्र, खाद्यसामग्री, होटल, जलपानका पसलहहरू खोलेर व्यवसाय चलाएका छन् । यस मार्गकै छेउमा पर्ने विन्धीको दही-चिउरा जलपान पसल निकै प्रसिद्ध छ । यसको शुरूआत जनकपुरधामको जीरो माइलबाट भएर भीठामोडको नेपाल भारतको सीमा (बोर्डर) सम्म गएको छ । यसको प्रस्तावित नाम जलेश्वरनाथ मार्ग रहेको छ ।

### (४) जनकपुरधाम-ढल्केवर मार्ग:

यस सडकको शुरुआत जनकपुरधामको जिरोमाइलबाट भई रामानन्द चौक, पिडारी चौक, मुजेलिया, सपही, महेन्द्रनगर, नक्टाझिझ पार गर्दै ढल्केवरमा गएर पूर्व-पश्चिम राजमार्गमा मिल्छ । यसको लम्बाइ लगभग २४ कि.मी. रहेको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मुख्य मूर्त सम्पदाहरू हनुमानदरवार मंदिर पापमोचनी (गोरघोइ) सर, मणिमण्डप, जानकी मेडिकल कलेज, क्षीरेश्वरनाथ महादेव आदि रहेका छन् । विभिन्न लोकगीतका साथसाथै शिवमठमा शिवभक्तिका गीतहरूलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस सडकमा पर्ने रामानन्द चौक, पिडारी चौक, महेन्द्रनगर, ढल्केवर मूख्य व्यवसायिक केन्द्र रहेका छन् । साना ठुला व्यापारीहरू आ-आफ्ना व्यापारबाट निकै कमाई गरि रहेका छन् । यसको प्रस्तावित नाम क्षिरेश्वरनाथ मार्ग हो ।

### (५) जनकपुरधाम - जटही मार्ग :

यस सडक खण्डको लम्बाइ १९ कि.मी. रहेको छ । यस मार्गको शुरुआत जनकपुरधामको विद्यापति चौकबाट भई क्याम्पस चौक, श्याम चौक, रुपैठा, देवपुरा, नगराइन पार गर्दै जटही स्थित नेपाल भारत सीमासम्म पुगेको छ । यस मार्गमा पर्ने मूर्त सम्पदाहरूमा विद्यापति चौक मा अवस्थित मैथिली भाषाका महाकवि विद्यापतिको सालिक, हनुमान नगरका हनुमान मंदिर, देवपुराको दुर्गा मंदिर, जमुनी किनारमा अवस्थित शिव मंदिर, जमुनी नदीलाई लिन सकिन्छ । यी मंदिर तथा मठहरूमा गाइने झिझिया तथा जरजटिन जस्ता मैथिली लोक गीतहरू, शिवभक्ति गीत आदिलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यी मंदिर तथा मठहरूका सामुनेमा फलफूल, पूजापाठ, स्थानीय स्तरमा उत्पादित समानहरू, बेलपत्र आदिका पसल खोली सा-साना व्यापारीहरू गुजर चलाई रहेका छन् । यस मार्गको प्रस्ताविक नाम कल्याणेश्वर मार्ग हो ।

### (६) जनकपुरधाम - धनुषाधाम मार्ग :

यस सडकको लम्बाइ १९ कि.मी. रहेको छ । यस मार्गको शुरुआत जानकी चौकबाट उतरतिर गई शुभनारायण चौकलाई पार गर्दै मिल्सएरिया, बेंगा, ठेरा, मतलेश्वर, कचुरी हुँदै धनुषाधामसम्म पुग्छ । यस मार्गको दायाँ-वायाँ मार्गमा बौवा हनुमान मंदिर, शुभनारायण स्मारक, मिथिला विहारी मंदिर कचुरी, परशुराम तलाउ, ऋषि परशुरामको विशाल प्रतिभा, पिनाङ्क धनुषको आंशिक भाग, रामजानकी मंदिर, धनुषाधाम, शिवपार्वती मंदिर, विशाल

धर्मशाला, धनुषाको जंगल आदि मूर्त सम्पदा रहेका छन् । अमूर्त सम्पदाको रूपमा भक्तिगीत, माघमेलामा विभिन्न लोकगीत, विवाह गीत रहेका छन् ।

धनुषामा धनुषलाई भन्टा तथा भन्टाको भार चढौनाको रूपमा चढाउने हुनाले यी भन्टा तथा भन्टा भारको बढी बिक्री, फूलमाला, होटल, खाजा, मिठाई, फर्निचर, श्रृंगारका सरसमानहरू माटाका कलात्मक तथा आकर्षक भाडाहरू, धार्मिक पुस्तकका पसलहरू निकै फस्टाएका छन् । यहाँ देश-विदेशका पर्यटकहरू आएका हुन्छन् । रामायणले यस धनुषको महत्त्वलाई राम्ररी वर्णन गरेको छ । यसको दर्शनबाट जीवनमा गरेको पापहरूबाट मुक्ति पाइन्छ भने जनविश्वास छ । यस मार्गको प्रस्ताविक नाम धनुष मार्ग हो ।

**(२) सहायक मार्ग (Branch Routs):**

सहायक मार्ग अन्तर्गत त्यस्ता मार्गहरू परेका छन् जसको दूरी तथा महत्त्व मूलमार्ग भन्दा कम रहेको छ । यस्ता मार्ग जनकपुरधाममा जम्मा नौवटा रहेका छन् । नौ मार्ग मध्ये केही जनकपुरधाम भित्रै तथा केही जनकपुरधामभन्दा बाहिरसम्म पनि गएका छन् । यस्ता सहायक मार्ग निम्न अनुसार रहेका छन् ।

**(१) गिरिजा मार्ग :**

यस मार्गलाई गिरिजा पथ पनि भनिन्छ । यस सडकको लम्बाइ १५ कि.मी. रहेको छ । यसको शुरुआत जनकचौकबाट भई विद्यापति चौक, क्याम्पस चौक, हनुमान गढी चौक, नीम चौक, घोडघास, फुलगामा हुँदै नेपाल भारत बोर्डर सम्म पुगेको छ । यसको दायाँ-वायाँ भागमा अवस्थित मूर्त सम्पदाहरू जनक मंदिर, बौद्धि (अमरखाना) माई मंदिर, रामसागर सर, फुलेश्वरी माई मंदिर, भैरव मंदिर, भूतही पोखरी, हनुमानगढी मंदिर, जमुनी नदी आदि रहेका छन् ।

राममंदिर तथा राजदेवी मंदिरमा गाइने भक्तिगीत, झिझिया गीत, जटजटीन गीतका साथै अन्य लोक गीतहरूलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस क्षेत्रका मानिसहरू विभिन्न व्यापार गरेर आ-आफ्ना जीविकोपार्जन गरेका छन् । रामनवमी, सीतानवमी, विवाहपंचमी, दशैं आदि मेलामा विभिन्न सरसमानहरूको विक्री गर्ने अवसर प्राप्त हुन्छ । अन्य व्यापारमा श्रृंगार, मिठाइ तथा खाजा पसलहरू रहेका छन् । यसको प्रस्तावित नाम गिरिजा पथ नै हो ।

## (२) शिव मार्ग:

यस सडकको लम्बाइ ५ कि.मी. रहेको छ । यसको शुरुआत जानकी मंदिरको पूर्व गेटबाट शुरू भई मिल्स एरिया हुँदै शुभनारायण चौक, सीता चौक, पुल चौक पार गर्दै उत्तर दिशामा शिवपुर गाँउसम्म पुगेको छ । यस मार्गको दायाँ वायाँ भागमा पर्ने मूर्त सांस्कृतिक सम्पदाहरूमा शहीद शुभनारायण सालिक, बावन विघा (प्राचीन जनक दरवार रहेको ठाउँ), शिवगढी, दुर्गा मन्दिर, रामजानकी मंदिर, हनुमान मंदिर रहेका छन् । अमूर्त सांस्कृतिक सम्पदाहरूमा भक्तिगीत, झिझियागीत, भगवतीगीतका साथै अन्य लोकगीतहरू रहेका छन् । यी धार्मिक ठाउँहरूमा सा-साना व्यापारको रूपमा साना साना लटगेनाका पसलहरू, श्रृंगारका पसलहरू रहेका छन् । जनकपुर भित्र यस सडकको दायाँ वायाँ भागमा ठुल्ठुला पसल, होटल, लज आदि रहेका छन् । यसको प्रस्तावित नाम शिव मार्ग नै रहेको छ ।

## (३) जनकपुरधाम - झोंझीकटैया मार्ग:

यस मार्गको लम्बाइ १२ कि.मी. रहेको छ । यस मार्गको शुरुआत जनकपुरधामको क्याम्पस चौक बाट भई कुवा, लोहना, झोंझीकटैया हुँदै नेपाल-भारत बोर्डरसम्म पुगेको छ । यस मार्गलाई अहिले ग्रेभलिङ्ग मात्र गरेको छ । यस मार्गको दायाँ बायाँ भागमा अवस्थित मठ, नारीकला केन्द्र, झोझीकटैयाको रामजानकी मंदिर तथा जमुनी नदी रहेका छन् ।

मठ मन्दिरमा गाइने भक्तिगीतहरू, कीर्तन-भजन, महादेवको नचारी, मैथली लोकगीतका साथै नारी कला केन्द्रमा मिथिला पेन्टिङ्गलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस सम्पदाहरूका वरिपरि लटगेना, कठघेरा पसलका साथ-साथै फूलमाला, फलफूल, जलपान तथा बेलपत्र जस्ता पसलहरू फस्टाएका छन् । यसको प्रस्ताविक नाम कुपेश्वरनाथ मार्ग हो ।

## (४) जनकपुरधाम-भ्रमरपुरा मार्ग :

यस मार्गको लम्बाइ ७ कि.मी रहेको छ । यसको शुरुआत जनकपुरधाम-ढल्केवर सडक खण्डको भ्रमरपुरा चौकबाट भ्रमरपुरा गाँउ हुँदै लोकदेवता कारीक स्थान (पडौल) सम्म पुगेको छ । यस मार्गको दायाँ वायाँ भागमा पाइने मूर्त सांस्कृतिक सम्पदाहरूमा दूधमतीघाटमा अवस्थित शिव मंदिर, रामजानकी मंदिर, कारीक स्थान (मंदिर) रहेका छन् । अमूर्त सम्पदाहरूमा दूधमती गंगामा गरेको स्नानवाट पाएको लाभ मुख्य रहेको छ । यसको दायाँ वायाँ भागमा पाइने मंदिरहरूमा गाइने भक्तिगीतलाई लिन सकिन्छ । कारीक स्थानमा

गाइने कारीक बाबाको भक्तिगीतलाई उच्च स्थानका साथ लिइन्छ । यो एक प्रकारको मैथिली लोकगीत हो ।

दूधमती गंगा नदीको चौक (बसपिटी) मा संचालन गरेका जलपान, खाजा, भोजन होटलहरू रहेका छन् । केही लटगेना, फलफूलका पसलहरू पनि रहेका छन् । यस मार्गको प्रस्ताविक नाम लोकदेवता कारीक मार्ग हो ।

**(५) जनकपुरधाम-मठियानी मार्ग:**

यस मार्गको लम्बाइ १९ कि.मी. छ । यस मार्गको शुरुआत जनकपुरको जिरो माइल बाट भई बेला बिन्धी हुँदै मटियानीसम्म जान्छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सांस्कृतिक सम्पदाहरूमा बिन्धीको रामजानकी मंदिर, बिन्धी चौकको ठूलो जलाशय, मठियानी स्थित लक्ष्मीनारायण संस्कृत विद्या पीठ (संस्कृत कलेज) रहेका छन् । यस बाटोमा पर्ने अमूर्त सम्पदाहरूमा लक्ष्मीनारायण मंदिर लगायत अन्य मंदिरहरूमा गाइने भक्तिगीत तथा मैथिली भाषामा लोकगीतहरूलाई लिन सकिन्छ । यसबाट फस्टाएका व्यापारहरूमा होटल, श्रृंगार, माटाका भाडा बर्तन, लता कपडा रहेका छन् । यस मार्गका प्रस्तावित नाम लक्ष्मीनारायण मार्ग हो ।

**(६) जनकपुरधाम-लोहारपट्टी मार्ग :**

यस मार्गको लम्बाइ लगभग १६ कि.मी. छ । यस मार्गको शुरुआत जनकपुरधाम नारायण चौकबाट महोत्तरीको लोहारपट्टी बजारसम्म पुगेको छ । यस सडकको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा गेरूका नदी, नदीका किनारमा अवस्थित शिव मठ, रामजानकी मंदिर तथा कुटी रहेका छन् । यसको छेउछाउमा पाइने अमूर्त सम्पदाहरूमा गेरूका मेलामा गाइने लोकगीतहरू रहेका छन् । व्यापारीक रूपमा खाद्यन्न, लताकपडा, श्रृंगार, जलपानका पसलहरू रहेका छन् । यस सडकको प्रस्तावित नाम गेरूका मार्ग राखिएको छ ।

**(७) जनकपुरधाम-खरिहानी मार्ग :**

यसको लम्बाइ १६ कि.मी. रहेको छ । जनकपुरधामको पुलचौकबाट शुरू भई वेलौनी चौक, मनहरपुर, भगवानपुर, वघचौरा, कठपुल्ला, बेल्ही, शुगानिकास, पर्साही, खरिहानी हुँदै सिमराढीमा गएर वीरेन्द्रबजार-महिनाथपुर सडक खण्डमा गएर मिल्छ । यस मार्गको दायाँ-

वायाँ भागमा पाइने मूर्त सम्पदाहरूमा सप्तऋषी पोखरी, सतोषर, सप्तेश्वर महादेव मठ, रामजानकी मंदिर, सिमराढीगढीको रामजानकी मंदिर रहेका छन् । अमूर्त सांस्कृतिक सम्पदाहरूमा मैथली लोकगीत तथा मंदिरहरूमा गाइने भक्तिगीत रहेका छन । यसमा मूलरूपले ग्रामिन क्षेत्रमा उत्पादित वस्तुहरूको खरिद विक्री गर्ने अवसर प्राप्त हुन्छ । यस मार्गको प्रस्तावित नाम सिमराढीगढी मार्ग राखिएको छ ।

**(८) जनकपुरधाम- शहीदनगर मार्ग :**

यसको लम्बाइ १६ कि.मी. रहेको छ । यसको शुरुआत जनकपुरधामको पुलचौकबाट भइ बेलौनी गाउँ, बेलौनी बजार, झिटकोहिया, पौरेश्वर, जमुनी नदी, मोरहा, वालगंगा बजार, सोनिगामा, सिमरापट्टी, विमला नदी, ननुपट्टी पार गर्दै शहीदनगरको यदुकूहा बजारसम्म पुगेको छ । यस मार्गको दायाँ-वायाँ भागमा अवस्थित मूर्त सम्पदाहरूमा जलाइद, बेलौनी बजारको रामजानकी मंदिर, जमुनी नदी, वालगंगा, विमला नदी, वालगंगा बजारको चैतीदुर्गा मन्दिर, सिमरापट्टीका महादेव मन्दिर रहेका छन् । यसमा पाइने अमूर्त सम्पदाहरूमा भक्तिगीत, मैथिली लोकगीत, लोकनाच, कीर्तन-भजन रहेका छन् । यस क्षेत्रमा विभिन्न स्थानीय खाद्यान्न सामग्रीहरू, मिठाइ, जलपान, खाजा, श्रृंगार, फलफूल खरीद विक्री गर्ने अवसर पाएका छन् । यस मार्गको प्रस्तावित नाम शहीद मार्ग राखिएको छ ।

**(९) जनकपुधाम-जमुनी मार्गः**

यसको लम्बाइ १० कि.मी. छ । यस मार्गको शुरुआत हनुमाननगरको चौकबाट भएर रामपुर बहुअर्बा, अकौडा पार गर्दै पवित्र नदी जमुनीसम्म गएको छ । कार्तिक महिनाको शुक्ल द्वितीयाका दिन जमुनीमा ठूलो मेला लाग्छ । यस मार्गको दायाँ वायाँ भागमा रहेका मूर्त सम्पदाहरूमा हनुमाननगरको रामजानकी हनुमान मंदिर, अकौडाको ऐतिहासिक पोखरी, जमुनी नदी रहेका छन् । अमूर्त सम्पदाको रूपमा जमुनी नदीमा यमद्वितीयाको मेलामा गाइने विभिन्न लोकगीतहरू रहेका छन् । यी सम्पदाहरू भएका ठाउँहरूमा खाद्यन्न सामग्री, मिठाइ, फलफूल, लटगेना, मनिहारा पसलहरू संचालन गर्ने अवसर पाएका छन् । यस मार्गको प्रस्तावित नाम जमुनी मार्ग हो ।

**(३) उप-सहायक मार्ग (Sub-branch Routs) :**

यस अन्तर्गत जनकपुरधाम भित्रको छोटो दुरी भएका मार्गहरूलाई समेटिएका छन् । यी मार्गहरू लगभग सबै पक्की अवस्थामा रहेका छन् । यी मार्गहरू शहरभित्र परेको हुनाले

यसको महत्तव निकै उच्च देखिन्छ । व्यापारी दृष्टिकोणले यसको महत्त्व झन उच्च रहेको देखिन्छ । यस्ता मार्गहरू निम्नानुसार रहेका छन् ।

**(१) राजर्षिजनक मार्गः**

यसको दूरी लगभग १ किलोमीटर छ । जनक चौकदेखि रेल्वेस्टेशनसम्म पुगेको छ । यसले जनक चौक, शिव चौक तथा भानु चौक पार गर्दै स्टेशन चौक पुगेको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा जनक मंदिर, शिव मंदिर, मनोकामना सिद्ध हनुमान मंदिर (स्टेशन) रहेका छन् । अमूर्त सम्पदाहरूमा शिवभजन तथा नचारी, गंगा आरतीमा गाइने आरती भजन तथा प्रार्थना, हनुमान चालिसा जस्ता भक्तिगीत रहेका छन् । यस मार्गको दायाँ-वायाँ भागमा ठुल्ठूला व्यापारीक पसलहरू, भानु चौकका पसलहरू तथा स्टेशन एरियाका फलफूल, गुदरी तरकारी बजारलाई व्यापारी केन्द्रको रूपमा लिन सकिन्छ । यसको प्रस्तावित नाम राजर्षिजनक मार्ग नै राखिएको छ ।

**(२) जानकी मार्गः**

यसको लम्बाइ निकै छोटो छ । जानकी चौकबाट शुरू भइ जनक चौकमा आएर अन्त भएको छ । यस मार्गको लम्बाइ ०.५ कि.मी. रहेको छ । यस पथको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा जानकी मंदिर, लक्ष्मण मंदिर, बिवाहमण्डप, अरगजा सर, तेल्हा-मडहा सर, जनक मंदिर रहेका छन् । अमूर्त सम्पदाहरूमा यी मठ-मंदिरमा गाइने भक्तिगीत, कीर्तन-भजन, छठपर्वको अवसरमा गाइने छठी गीत, लोकगीत रहेका छन् । यस मार्गको दायाँ-वायाँ भागमा रहेका पसलहरूमा फलफूल विक्री पसल, होटल, जलपान गृह विभिन्न कपडा तथा पुस्तक पसलहरू रहेका छन् । अरगजासरमा बोटिङ्गको सम्भावना रहेको छ ।

**(३) रामजानकी मार्गः**

यस पथको शुरुआत राजदेवी मंदिरको गेटबाट भै जानकी चौकमा गएर मिलेको छ । यसको लम्बाइ लगभग ०.५ कि.मी. रहेको छ । यसको प्रस्तावित नाम राजदेवी मार्ग रहेको छ । यसको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा राजदेवी मंदिर, जानकी मंदिर, लक्ष्मण मंदिर, बिवाहमण्डप, तेल्हा-भडहा सर रहेका छन् । अमूर्त सम्पदाको रूपमा मंदिरहरूमा गाइने भजन-कीर्तन तथा भक्तिगीत लाई लिन सकिन्छ । राजदेवी मंदिरमा आश्विन शुक्ल परेवादेखि दशमीसम्म दशैं मेला लाग्ने हुनाले सो अवधि भित्र भगवती गीत,

झिझिया, लोकगीतहरू गाइने गरिन्छ । जानकी मंदिरका वरिपरि रहेका पसलहरू मिठाइ पसल, धार्मिक फोटो फ्रेमिङ्ग, फूलमाला पूजाका सरसमानहरूलाई व्यापारी कामकाजको रूपमा लिन सकिन्छ । अन्य अवसरमा ठूल-ठूला व्यापारीक पसलहरूलाई लिन सकिन्छ ।

**(४) रामानन्द मार्गः**

यस मार्गको शुरुआत जानकी चौकबाट भइ नारायण चौकमा गएर सकिन्छ । यसको लम्बाइ लगभग १ कि.मी. छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा अंगराज सर, रंगभूमी मैदान, तुलसी स्मारक, रामानन्द स्मारक, रामानन्द आश्रम (दुल्हा-दुल्हिन मंदिर), मिथिला श्रृंगार कुटी, निम्वार्क आश्रम, मधुकर कुँज, जानकीरमण कुँज, रबासी कुटी रहेका छन् । अमूर्त सम्पदाको रूपमा यी मठ-मंदिरहरूमा गाइने भक्तिगीत, भजन-कीर्तन रहेका छन् । यस मार्गको छेउछाउमा पर्ने होटल, मिठाइ पसल, पुस्तक पसल तथा पुजापाठका सरसमानहरू पाइने पसलहरू रहेको छन् । यसका  साथै पर्यटक गाइडको अवसर पाउने सम्भावना रहेको छ । यस्ता कुराहरू व्यापारका अवसर प्रदान गरेका छन् यस मार्गको प्रस्तावित नाम रामानन्द मार्ग नै राखिएको छ ।

**(५) हाई स्कूल मार्गः**

यस मार्गको शुरुआत जानकी चौकबाट भइ देवी चौक, सुकदेव चौक पारगर्दै सरस्वती हाई स्कूलसम्म पुगेको छ । यसको लम्बाइ लगभग १ कि.मी. रहेको छ । यस मार्गको प्रस्तावित नाम हाई स्कूल मार्ग नै राखिएको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरू क्रमशः अंगराज सर, देवी मंदिर (देवी चौक) सल्हेश गहवर, सरस्वती मंदिर (हाई स्कूल प्राङ्गणमा) रहेका छन् । अमूर्त सम्पदाहरूमा मंदिरहरूमा गाइने भक्तिगीत, देवी मंदिरमा गाइने देवी भगवती गीत, सल्हेश गहवरमा गाइने भक्तैइ गीत, सरस्वती प्रार्थना लाई लिन सकिन्छ । यस मार्गको शुरूमा पर्ने अंगराज सरको पूर्वी डीलमा तरकारी, फलफूल, होटल, मिठाइ, लटगेना, किराना पसलहरूलाई व्यापारीक कारोवारको रूपमा लिन सकिन्छ ।

**(६) वैदेही शरण मार्गः**

यो मार्ग नारायण चौकबाट शुरू भइ अग्निकुण्ड हुँदै परिक्रमा सडकमा मिल्छ । यसको लम्बाइ १.५ कि.मी. छ । यस मार्गको दायाँ-वायाँ भागमा अग्निकुण्ड, बराहस्थान कुटी, श्री रामलला निवास, मिथिला विहारी कुञ्ज, झुलन कुञ्ज, सुन्दर सदन, अग्निकुण्ड

कुटी तथा रसिक निवास मूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यी कुञ्ज, आश्रम, तथा कुटीहरूमा भगवान आरती तथा पूजापाठको समय गाइने भक्तिगीत, भजन-कीर्तन, लोकनृत्य तथा गीतलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस क्षेत्रमा खासै व्यापारिक पसलहरू छैन । साना-साना किराना पसलहरू रहेका छन् । यसको प्रस्तावित नाम वैदेहीशरण मार्ग नै हो ।

**(७) ज्ञानकूप मार्ग :**

यस मार्गको शुरुआत नारायण चौकबाट भइ ज्ञानकुपमा गइ सकिएको छ । यसको लम्बाइ १.५ कि.मी. रहेको छ । यस मार्गको दायाँ वायाँ भागमा पर्ने मूर्त सम्पदाहरू क्रमशः विहारकुण्ड, युगल विनोद कुञ्ज, श्रृंगार कुञ्ज, रामविहारी कुञ्ज, बजराही कुटी, युगलजोडी कुटी, जानकी विहार भवन, विजयराघव कुञ्ज, युगलप्रेम कुञ्ज रानीपाटी, सीता कुण्ड, सदाआश्रम, तोताद्रि मठ (लक्ष्मीनारायण मंदिर) रहेका छन् । यहाँ विभिन्न भाषा तथा संस्कृतिको मिलन हेर्न पाइन्छ । नेपाली, मैथिली, हिन्दी, संस्कृत भाषाका भक्तिगीत, मिथिला पेन्टिङ्ग जस्ता अमूर्त सम्पदाहरू रहेका छन् । कठघेरा तथा साना-साना छाप्राहरूमा पसल खोली आ-आफ्ना व्यापार चलाएका छन् । यसको प्रस्ताविक नाम समेत ज्ञानकूप मार्ग नै राखिएको छ ।

**(८) रत्नसागर मार्गः**

यसको शुरुआत नारायण चौकवाट भइ उत्तरतिर रत्नसागर, पिडारी गाउँ पारगर्दै मणिमण्डपसम्म पुगेको छ । यसको लम्बाइ लगभग ३.० कि.मी. छ । यस मार्गको दायाँ-वायाँ भागमा रत्नसागर कुटी, साकेत विहारी भगवान कुटी, रामजानकी कुटी, पिपरा कुटी, मणिमण्डप, कमर्ड हल जस्ता मूर्त सम्पदाहरू रहेका छन् । ग्रामीण क्षेत्रका महिलाहरूद्वारा गाइने भक्तिगीत तथा लोकगीतहरूलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस क्षेत्रमा आर्थिक आवसरको सम्भावना रत्नसागरमा बोटिङ्ग, मणिमण्डप वरिपरि विभिन्न खाजा पसलहरू रहेका छन् । यस मार्गको प्रस्तावित नाम रत्नसागर मार्ग नै राखिएको छ ।

**(९) अग्निकुण्ड मार्गः**

यस मार्गको लम्बाइ लगभग १ कि.मी. छ । यस मार्गको शुरुआत नारायण चौकबाट भइ अग्निकुण्डसम्म पुगेको छ । यस मार्गको दायाँ-वायाँ भागमा अग्निकुण्ड, वराह स्थान कुटी, श्रीरामलला निवास, मिथिला विहारी कुँज, झुलन कुँज, सुन्दर सदन, अग्निकुण्ड कुटी,

रसिक निवास, रत्नसागर मंदिर द्वारा निर्मित नयाँ रामजानकी कुटीहरूलाई मूर्त सम्पदाको रूपमा लिन सकिन्छ । रामायण, महाभारत तथा पुराण वाचन, अष्टयाम, नवाह तथा कीर्तन-भजन जस्ता अभूर्त सम्पदाहरू रहेका छन् । अग्निकुण्डमा वोटिङ्गको सम्भावना, स्थानीय स्तरमा उत्पादित वस्तुहरूका सा-साना पसलहरूलाई व्यापारिक अवसरको रूपमा लिन सकिन्छ । यसको प्रस्तावित नाम अग्निकुण्ड मार्ग नै राखिएको छ ।

## १०. संत तुलसीदास मार्ग :

संत तुलसी दासको स्मारकदेखि दक्षिण तर्फ फर्केर महाराज सागरको पूर्वारी डिल हुँदै हटिया, बस स्टैण्ड पारगर्दै परिक्रमा सडकमा मिलेको छ । यस मार्गको लम्बाइ लगभग २ कि.मि. रहेको छ । यस मार्गको दायाँ-वायाँ भागमा अवस्थित मूर्त सम्पदाहरूमा संत तुलसी दास स्मारक, महाराज सागर, रामजानकी भगवान कुम्हार कुटी, कुम्हार कुटी, रामजानकी कुटी, रामजानकी तेली कुटी, स्वर्ण मण्डप, बीन कुटी, मलाह कुटी, रामजानकी कुटी, गणेश मंदिर, मनोकामना सिद्ध हनुमान मंदिर, पुरन्दर सर रहेका छन् । यी मंदिर तथा कुटीहरूमा गाइने भक्तिगीत, कीर्तन-भजनलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यसै बाटोमा पुरानो हटिया परेको हुनाले व्यापारको प्रचूर अवसर रहेका छन् । यसको प्रस्तावित नाम संत तुलसी दास मार्ग नै राखिएको छ ।

## ११. सतानन्द मार्ग :

यो मार्ग बलबाटोलबाट शुरू भइ अग्निकुण्डमा गएर सकिन्छ । यसको लम्बाइ लगभग २ कि.मि. रहेको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरू क्रमशः अग्निकुण्ड, वराह स्थान कुटी, श्री रामलला निवास, मिथिला विहारी कुञ्ज, झुलन कुञ्ज, सुन्दर सदन, अग्निकुण्ड कुटी, रसिक निवास रहेका छन् । यी कुटीहरूमा गाइने भजन-कीर्तनलाई अमूर्त सम्पदाको रूपमा लिन सकन्छि । यस मार्गमा व्यापारको सम्भावना निकै न्यून रहेको छ । यसको प्रस्तावित नाम सतानन्द मार्ग नै रहेको छ ।

## १२. वशिष्ट मार्ग :

यसको लम्बाइ लगभग ३ कि.मि. छ । यसको सुरुआत पेठियाबाट भइ दुधमती गंगामा गएर अन्त भएको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मठ मन्दिरहरूमा पेठियाको सुप्रसिद्ध गणेश मन्दिर, दुधमती तटमा अवस्थित शिव मन्दिर, रामजानकी मंदिर रहेका छन् । अमूर्त सम्पदाको रूपमा शिव आराधना, गणेश आराधना, रामजानकीको आरती,

भजन-कीर्तन रहेका छन् । पेठियादेखि दुधमती चौकसम्म विभिन्न पसल खोलेर व्यापार गर्ने ठूलो अवसर रहेको छ । यसको प्रस्तावित नाम वशिष्ट मार्ग नै छ ।

### १३. दूधमती मार्ग :

यसको लम्बाइ लगभग ३ कि.मि. रहेको छ । यो मार्ग पुरन्दर सरबाट शुरू भइ दुधमती नदीमा गइ अन्त भएको छ । यस मार्गमा पर्ने मूर्त सम्पदाहरूमा रामजानकी तत्मा कुटी, रामजानकी मुसहर कुटी, गौड कुटी, चौधरी कलवारकुटी रहेका छन् । यस मार्गमा पर्ने सम्पदाहरूमा गाइने दिनाभद्रीको लोकगीत र नाचको साथै अन्य भक्तिगीतहरू अमूर्त सम्पदाको रूपमा रहेका छन् । यस क्षेत्रमा खाद्यान्न, खाजा, मिठाइ, फलफूलको खरीद-विक्री जस्ता साना साना व्यापारको अवसर प्राप्त छ । यसको प्रस्तावित नाम दुधमती मार्ग नै राखिएको छ ।

### १४. अनुराग मार्ग :

यसको शुरुआत अनुराग सरबाट भइ अग्निकुण्डसम्म पुगेको छ । यसको लम्बाइ लगभग २.० कि.मि. रहेको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा अनुराग सर, रसिक निवास, झुलन कुञ्ज, अग्निकुण्ड कुटी रहेका छन् । यस्तै अमूर्त सम्पदाको रूपमा मिथिला पेन्टिङ्ग रहेका छन् । यसको प्रस्तावित नाम अनुराग मार्ग नै रहेको छ ।

### १५. गौतम मार्ग :

यस मार्गको लम्बाइ लगभग १ कि.मि. रहेको छ । यसको दायाँ-वायाँ भागमा पर्ने दशरथ मंदिर, कपालमोचनी सर, अनुराग सर, सदानन्द आश्रम, रसिक निवास जस्ता मूर्त सम्पदाहरू रहेका छन् । यस्तै अमूर्त सम्पदाहरूमा मैथिली तथा हिन्दी भक्तिगीत, लोकगीत, लोककथाहरू रहेका छन् । साधारण लटगेना तथा कठधेरा पसलहरूलाई व्यापारिक अवसरको रूपमा लिन सकिन्छ । यसको प्रस्तावित नाम गौतम मार्ग नै रहेको छ ।

### १६. राजा हरिश्चन्द्र मार्ग :

यसको लम्बाइ १ कि.मि. रहेको छ । रामचौकबाट शुरू भइ कदम चौकमा गएर परिक्रमा सकडमा मिल्छ । यस मार्गमा पर्ने मूर्त सम्पदाहरू गंगासागर, धनुषसागर, गोपाल धर्मशाला, भूतनाथ महादेव मंदिर, ग्यारह टाउके हनुमान मंदिर, शनिदेव मंदिर, माँ काली

मंदिर, बहुअर्वा कुटी, पंचुमुखी मनोकामना सिद्ध हनुमान मंदिर रहेका छन् । यसको अमूर्त सम्पदाहरूमा विभिन्न लोकगीत, भक्तिगीत, झिझिया गीत तथा नाच, जरजटीन गीत तथा नाचहरूका साथै अन्य गीतहरू रहेका छन् । यस मार्गमा पर्ने गंगासागर तथा धनुषसागरमा बोटिङ्गको सम्भावना उच्च रहेको छ । यस मार्गको दायाँ-वायाँ भागमा खाजा, होटल, फलफूल, श्रृंगार तथा कस्मेटिक, औषधी पसलहरू रहेका छन् । यस्ता पसलहरूलाई व्यापारिक अवसरको रूपमा प्रयोग गरेका छन् । यस मार्गको प्रस्तावित नाम हरिश्चन्द्र मार्ग नै राखिएको छ ।

## **१७. वाल्मिकी मार्ग :**

यस मार्गको शुरुआत भैरव चौकबाट भइ धनुषा जिल्ला प्रहरी कार्यालय, विषहरा सर पार गर्दै मंडल सेवा आश्रमको मूल गेट सामुने परिक्रमा सकडमा गएर मिसिन्छ । यसको लम्बाइ लगभग ०.५ कि.मि. रहेको छ । मार्गमा पर्ने मूर्त सम्पदाहरूमा भैरब मन्दिर तिरहुतिया गाछी मैदान, महेन्द्रनारायण निधि स्मृति भवन, धानुक कुटी, मंडल (केवट) सेवा आश्रम, विषहरा सर रहेका छन् । यस्तै अमूर्त सम्पदाहरूमा मठ मंदिरमा गाइने भक्तिगीत-संगीत, मैथिली लोकगीत रहेका छन् । यस मार्गमा पर्ने विषहरा सरलाई सरसफाइ गरी बोटिङ्गको प्रवल सम्भावना रहेको छ । यस मार्गको वरिपरी केही कठघेरा तथा सानो छाप्रो बनाइ लटगेना, किराना, फलफूल पसलहरू खोलेर साधारण व्यापार गरिरहेका छन । यस मार्गको प्रस्तावित नाम भैरव मार्ग तोकिएको छ ।

## **१८. विश्वामित्र मार्ग** :

विश्वामित्र मार्गको लम्बाइ निकै छोटो छ । यसको लम्बाइ ०.२५  कि.मी. मात्र रहेको छ । यसको शुरुआत विषहरा सरबाट भइ उत्तर दिशामा बढ्दै जाँदाको बाटोमा पर्ने जिल्ला हुलाक कार्यालयलाई पार गर्दै हरिश्चन्द्र मार्गमा गएर मिल्छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरू क्रमशः विषहरा सर, धानुक कुटी, रेडक्रस भवन, नेपाल परिवार नियोजन संघ, आन्तरिक राजश्व कार्यालय रहेका छन् । यस मार्गमा पर्ने  विभिन्न मैथिली लोकगीत  तथा नाच, भक्तिगीत, किर्तन-भजनलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस मार्गमा केही किराना पसलहरू रहेका छन । अन्य पसलहरूमा फोटोग्राफी, इन्टरनेट, अडिट गर्ने फर्म समेत रहेका छन् । यस मार्गको प्रस्तावित नाम विषहरा मार्ग रहेको छ ।

## १९. परशुराम मार्ग :

यस मार्गको लम्बाइ लगभग १ कि.मि. छ । यो जानकी चौकबाट शुरू भइ धनुषा पथमा मिलेर अन्त हुन्छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा चन्द्रकूप (देवान पोखरी), जानकी मंदिर, शुभनारायण स्मारक, धर्म संस्था रहेका छन् । विभिन्न मैथिली लोकगीत तथा भक्तिगीतहरूलाई अमूर्त सम्पदाको रूपमा लिइएका छन् । यस मार्गका व्यापारीक अवसरहरूमा साना साना होटल, लटगेना, किराना, फलफूलका पसलहरू रहेका छन् । यसको प्रस्तावित नाम चन्द्रकूप मार्ग राखिएको छ ।

## २०. गौशाला मार्ग :

यस मार्गको लम्बाइ ०.२५ कि.मि. रहेको छ । तिरहुतिया गाछी मैदानको भैरव चौकबाट शुरू भइ पश्चिम दिशातिर बढ्दै महावीर चौकमा गएर अन्त हुन्छ । यस मार्गमा पर्ने मूर्त सम्पदाहरूमा रामसागर सर, नुनिया कुटी, रामएकबाल रामजी धर्मशाला, महावीर मंदिर रहेका छन् । विभिन्न मैथिली लोकगीत तथा नाचका साथै भक्तिगीतहरूलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । विभिन्न होटल, मिठाइ पसल, खाजा घर तथा ठुल्ठूला विभिन्न पसलहरू रहेका छन् । यस मार्गको प्रस्तावित नाम रामसागर मार्ग रहेको छ ।

## २१. बरबिघवा मार्ग :

यसको लम्बाइ २ कि.मि. छ । यो मार्ग रंगभूमि मैदानबाट शुरू भई रजौल-बेल्हीसम्म पुगेको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा रंगभूमि मैदान, दुर्गा मंदिर (बेल्ही), राधाकृष्ण मंदिर (राधे सम्प्रदाय) रहेका छन् । अमूर्त सम्पदाको रूपमा दुर्गा मंदिर र राधा कृष्णा मंदिरमा गाइने भक्तिगीतहरूलाई लिन सकिन्छ । दशैंका अवसरमा दुर्गा मंदिरमा गाइने झिझिया तथा जरजटीनका गीतनाचलाई समेत अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस मार्गको छेउछाउमा पर्ने साधारण खालका किराना, श्रृंगार, फलफूल, लटगेना पसलहरू रहेका छन् । यसको प्रस्तावित नाम रंगभूमि मार्ग राखिएको छ ।

## २२. पेठिया मार्ग :

यस मार्गको शुरुआत जानकी मंदिरको दक्षिणमुखको गेटबाट भइ सोनारपट्टी हुँदै पेठिया (पुरानो हटिया) सम्म गएर अन्त भएको छ । यसको लम्बाइ लगभग ०.५० कि.मि. रहेको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पपदाहरूमा जानकी मंदिर, महावीर मंदिर, गणेश मंदिर रहेका छन् । अमूर्त सम्पदाको रूपमा विभिन्न भक्तिगीत-संगीतलाई लिन

सकिन्छ । यस मार्गमा हटिया परेको हुनाले यसमा विभिन्न खाद्यान्न, तरकारी, श्रृंगारका सरसमान, फलफूल, माटाका भाडा बर्तन, चुडा, स्टीलका भाडा वर्तन पसलहरू संचालन गरेका छन् । यस मार्गको प्रस्तावित नाम महावीर मार्ग राखिएको छ ।

**२३. जलाइद मार्ग :**

यस मार्गको शुरुआत मोनास्टिक स्कूलदेखि जलाइद पार गर्दै कपिलेश्वर मठसम्म पुगेर अन्त हुन्छ । यसको लम्बाइ लगभग २.५ कि.मि. रहेको छ । यस मार्गको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरू क्रमशः जलाइद नदी, कपिलेश्वरनाथ महादेव मंदिर, राजदेवी मंदिर (कपिलेश्वर), कीर्तन भवन (कपिलेश्वर) रहेका छन् । अमूर्त सम्पदाको रूपमा महादेवको नचारी, भक्तिगीत, भगवती मंदिरमा गर्ने सप्तसती दुर्गा पाठ आदिलाई लिन सकिन्छ । यसको प्रस्तावित नाम कपिलेश्वरनाथ मार्ग राखिएको छ ।

अब उप्रान्त यी उपरोक्त सडक मार्गहरूलाई पर्यटकहरूको भ्रमण सुविधाका लागि नौ वटा करिडोरमा वाँडेर अगाडी बर्णन गरिन्छ । यसलाई विद्युतीय रूपमा राखिने हुनाले भोलीका दिनमा पर्यटकहरू सजिलोसँग जनकपुरधामका सम्पदाहरू नजिक पुग्न सहयोग गर्ने छ ।

**करिडोर मार्गहरू (Corridor Routs)**

पुरै जनकपुरधामका बाटा/घाटालाई भ्रमण सुविधाको उद्देश्यले जम्मा नौ भागमा बाँडेर छोटकरीमा वर्णन गरिन्छ । यी करिडोरहरू निम्न अनुसार रहेका छन् :

**१. जानकी करिडोर :**

यस करिडोरको मुख्य केन्द्र जानकी मंदिरलाई मानिएको छ । यसलाई जानकी चौकबाट शुरू गरी जानकी मार्ग हुँदै जनक चौक, गंगासागर को उत्तर, पूर्व तथा दक्षिण डीलको सडक हुँदै राम चौक, हटिया, महाराज सागर, तुलसी स्मारक, रंगभूमिको पश्चिमभागको सडक हुँदै संकट मोचन हनुमान मंदिरलाई पार गर्दै पुनः रंगभूमि मैदानको उत्तरतिरबाट देवी चौक हुँदै जानकी चौकमा फर्किन्छ । यसको लम्वाइ लगभग ७ कि.मि. रहेको छ । यस करिडोरभित्र पर्ने मूर्त सम्पदाहरूमा जानकी मंदिर, लक्ष्मण मंदिर, बिवाह मण्डप, जनक मंदिर, शिवमंदिर, गंगासागर, चैती दुर्गा स्थान, गोपाल धर्मशाला, ग्यारह टाउके मनोकामनासिद्ध हनुमान मंदिर, विराटरूप कृष्ण मंदिर, काली मंदिर, शनिदेव मंदिर,

अन्नपूर्णामाई मंदिर,  राम मंदिर, पुरुषोत्तम भगवान मंदिर, गणेश मंदिर (हटिया) महाराज सागर, तुलसी स्मारक रंगभूमि मैदान, मौनीबाबा कुटी, संकटमोचन हनुमान मंदिर, सरस्वती हाई स्कूल, देवी चौकको राजदेवी मंदिर र अरगाज सर रहेका छन् । यी बाटाहरूमा अन्य रामजानकी मंदिरहरू रहेका छन् । करिडोरमा पर्यटक प्रवेश गर्दा जानकी चौकबाट शुरू गरी पुनः सोही चौकमा आएर सकाउँछ ।

यस्तै अमूर्त सम्पदाहरूमा यस करिडोरभित्र पर्ने मठ-मन्दिरमा गाइने आरती भजन-कीर्तन, भक्तिगीतहरूलाई लिन सकिन्छ । दशैंमा राजदेवी, देवी चौक स्थित देवी मंदिर, गंगासागरको दक्षिण डीलमा रहेको काली मंदिरमा गाइने लोकगीत तथा डान्स एउटा अलग्गै किसिमका अमूर्त सम्पदाहरूको अनुभव गराइ रहन्छ । व्यवसाय-व्यापारको  उद्देश्यले यो क्षेत्र जनकपुरको मुख्य भाग रहेको छ । मूल बजार यसै करिडोरभित्र पर्ने हुनाले मार्केटमा पाइने लगभग सबै किसिमका वस्तुहरू उपलब्ध छन् । यी मठ-मंदिरहरूका गेटबाट फूल, माला, पुजाका सामाग्री तथा अन्य विभिन्न प्रकारका कलात्मक माटाका भाडा कर्तनहरू सजिलै किन्न पाइन्छ । व्यापारी दृष्टिकोणले यसलाई उत्तम अवसरको रूपमा लिन सकिन्छ ।

## २. विहारकुण्ड करिडोर :

यस करिडोरको शुरुआत जानकी चौकबाट भएर रामानन्द चौक, नारायण चौक, अग्निकुण्ड, विहारकुण्ड, जनक हजारी विद्यापीठको उत्तर साइड हुँदै जनकपुर-ढल्केवर राममार्ग पारगर्दै महाराज सागरको उत्तरी डीलको बाटो लाग्दै जानकी मंदिरको मेस्तर टोला पार गरी पुनः  जानकी चौकमा आएर अन्त हुन्छ । यस करिडोरको लम्बाइ लगभग ७ कि.मि. रहेको छ । यस करिडोरमा  पर्ने मूर्त सम्पदाहरूमा श्री रामानन्द आश्रम (हुल्हा दुल्हिन मंदिर), नेपाल रेडक्रस जानकी आँखा अस्पताल, तोताद्रिमठ (लक्ष्मीनारायण मंदिर), रानीपाटी मंदिर, युगलविनोद कुञ्ज, श्रृंगार कुञ्ज, रासविहारी कुञ्ज, सियारधुवर कुञ्ज, जानकी  विहार भवन, विजय राघव कुञ्ज, युगलप्रेम कुञ्ज, अग्निकुण्ड बराह स्थान कुटी, श्री रामलला निवास, मिथिला विहारी कुञ्ज, झुलन कुञ्ज, सुन्दर सदन, अग्निकुण्ड कुटी, रसिक कुञ्ज, विहार कुण्ड र अग्निकुण्ड रहेका छन् ।

यस्तै अमूर्त सम्पदाहरूमा यी मंदिर तथा कुटीहरूमा गाइने भजन-कीर्तन, रामायण पाठ रहेका छन् । यो करिडोर पूर्णरूपमा एकान्त क्षेत्र रहेको छ । स-साना पसलहरूमा कठघेरा, लटगेना, किराना तथा पूजन सामग्रीका पसलहरू रहेका छन् ।

### ३. मणिमण्डप करिडोर :

यस करिडोरको सडक लम्बाइ ८ कि.मि. रहेको छ । यस करिडोरको शुरुआत जानकी चौकबाट भइ रामानन्द चौक, नारायण चौक, रत्नसागर, पिडारी टोल हुँदै मणिमण्डप पुगेर पुर्व तर्फ फर्की मुजेलियामा गएर जनकपुरधाम-ढल्केवर राजमार्गमा मिलेर पिडारी चौक पुग्छ । पुनः पिडारी चौकबाट पुर्व तिरकोवेल्ही चौक हुँदै सरस्वती हाई स्कूलको पछाडी बाटो समात्दै देवी चौक पार गर्दै पुनः जानकी चौकमा आएर मिल्छ । यस करिडोरमा पर्नेमूर्त सम्पदाहरूमा अरगजासर, अंगराज, श्रृंगार भवन, अयोध्यावासी स्वर्णकार कुटी, यादव कुटी(कृष्णौत यादव कुटी), रत्नसागर कुटी, साकेत विहार भगवान कुटी, रामजानकी कुटी, पिपरा बाला रामजानकी कुटी, हनुमान मंदिर (रत्नसागर), मणिमण्डप, कभर्ड हल, विश्वकर्मा मंदिर, खत्वेजातीय कुटी,सोनार कुटी, थारु कुटी, मौनीबाबा कुटी, संकटमोचन हनुमान मंदिर, ने.रे. जानकी आँखा अस्पताल, रत्नसागर, पापमोचनी सर (गोरधोइ पोखरी), पिडारी चौकमा अवस्थित राजाजनकको स्मारक, सरस्वती हाई स्कूल, विडाल सर, रुक्मिणी सर रहेका छन् ।

अमूर्त सम्पदाहरूमा मठ मन्दिरहरूमा गाइने भक्तिगीत, कीर्तन-भजन रहेका छन् । यस क्षेत्रमा रामानन्द चौक, नारायण चौक, रत्नसागर चौक (पिडारी गाउँमा रत्न सागर र मणिमण्डपको क्रसिङ्ग ठाउँ), मणिमण्डप चौक, मुजेलिया चौक, पिडारी चौक (हाइवे), वेल्ही चौक, देवी चौक तथा जानकी चौक निकै घना बजार क्षेत्र छन् । यस क्षेत्रमा लगभग हरेक प्रकारका घरेलु सरसमान भेट्ने पसलहरू छन् ।

### ४. कुपेश्वरनाथ करिडोर :

यो करिडोर जानकी चौकबाट शुरू मई जनक चौक, शिव चौक, भानुचौक हुँदै मोनास्टिक स्कूलदेखि पूर्व दिशामा लाग्दै जलाइदको नयाँ पुल पार गरी कपिलेश्वरनाथ महादेव मंदिरको मूल गेट हुँदै कीर्तन भवन चौक पुगिन्छ । त्यहाँबाट हुलाकी सडकलाई पार गरेर कुवाको कुपेश्वरनाथ महादेव चौक, हनुमानगढी चौक, श्यामचौक, क्याम्पस चौक, विद्यापति चौक, भैरव चौक पार गर्दै पुन जनक चौकमा आएर सकिन्छ । यसको लम्बाइ लगभग १० कि.मि. छ ।

यस करिडोर भित्र पर्ने मूर्त सम्पदाहरूमा क्रमशः जनक मंदिर, शिव हुमान मंदिर (जनकचौक), मोनास्टिक हाई स्कूल, जलाइद नदी, कपिलेश्वरनाथ महादेव, राजदेवी मंदिर

(कपिलेश्वर), सलहेश गहबर (कपिलेश्वर), महेश्वरनाथ महादेव (महुवा), रा.रा.ब. क्याम्पस, रामेश्वर भगवान शंकर मंदिर (रा.रा.ब. क्याम्पस भित्र) कुपेश्वरनाथ महादेव मंदिर (कुवा), राजदेवी भगवती मंदिर (कुवा) रामजानकी हनुमान मंदिर (हनुमान नगर), पिडरिया माई मंदिर (पिडरिया टोल), कृष्ण मंदिर (मुरलीसर), महादेव मठ (मुरलीसर), दुर्गा मंदिर (मुरली सर), भैरव मंदिर (भैरव चौक), फुलेश्वरी माई मंदिर (सीताराम गौशाला), वौद्धि माई मंदिर (रामचौक), राममंदिर रहेका छन् । यस्तै अन्य पवित्र सम्पदाहरूमा धनुष सागर, गंगा सागर, गोपाल धर्मशाला, जलाइद नदी, मुरली सर, विषहरा सर रहेका छन् । कुटीहरूमा क्रमशः गंगासागर डीलमा अवस्थित रामजानकी कुटी, बरही कुटी, खाक चौक सनकादिक मंदिर, कुशबाहा कुटी, रामजानकी कुटी (वहुअर्वावाला) विषहरा सरको डीलमा रहेका रामजानकी कुटी, बेलदार चौभान कुटी, गोपाल सेवा समिति (कृष्ण मंदिर), हजाम कुटी, मंडल (केवट) सेवा आश्रम, सोनार कुटी, महापात्र कुटी बाहेक कुम्भकार जातीय मंदिर (कुटी), प्रजापति मंदिर (कुटी) रहेका छन् ।

अमूर्त सम्पदाहरूका रूपमा यी उपर्यूक्त मठ-मन्दिर तथा कुटीहरूमा गाइने भक्तिगीत, संगीत, कीर्टन-भजनका साथै अष्टयाम, नवाहपरायण, हनुमान आराधना लगायत अन्य लोक गीतहरूलाई समावेश गर्न सकिन्छ । यसै क्षेत्रभित्र गंगा सागरमा महागंगा आरती एउटा अति मनमोहक धार्मिक कार्यक्रमलाई समेत निरन्तरता दिएको देखिन्छ ।

व्यापारिक स्थलको रूपमा जनक चौकदेखि भानु चौकसम्म तथा जनक चौकदेखि क्याम्पस चौकसम्म यस मार्गको दायाँ-वायाँ भागमा हरेक किसिमका व्यापारिक पसल रहेका छन् । जनकमंदिर, शिवमंदिर, राममंदिरका गेटमा फूलमाला, फलफूल तथा अन्य पूजाका सामाग्रीका पसलहरू राम्ररी फस्टाएका छन् । गंगा सागर, धनुष सागर, विषहरा सर, मुरली सर, भूतही पोखरी लगाएत जलाइद नदीमा समेत वोटिङ्गको सम्भावना रहेको देखिन्छ । यस्ता कामबाट पर्यटकहरू तान्न सजिलो हुने देखिन्छ ।

**५. जनक हजारी विद्यापीठ करिडोरः**

यस करिडोरको शुरुआत जानकी चौकबाट भइ अरगजा सरको पश्चिमी-दक्षिणी कोणाबाट दक्षिणतिरको बाटो समात्दै मेस्तर टोल पार गरेर महाराज सागर पुगिन्छ । पुनः महाराज सागरको दक्षिणी डीलको बाटो हुँदै जनकपुरधाम-ढल्केवर राजमार्ग पार गरेर पश्चिमतिरको बाटो पन्छाउँदै सतानन्द आश्रम (सीताकुण्ड) पुगिन्छ । सीताकुण्डबाट फर्की

पुनः राजमार्ग पार गरेर महाराज सागरको उत्तरबाटी डील हुँदै जानकी चौक पुगेर अन्त हुन्छ । यसको लम्बाइ लगभग ७ कि.मि. रहेको छ ।

यस करिडोरमा पर्ने मूर्त सम्पदाहरूमा महाराज सागर, सीता कुण्ड, जनक हजारी संस्कृत विद्यापीठ, सेन्ट्रल इन्जिनियरिङ्ग कलेज, महाराज दशरथ मंदिर, रामजानकी भगवान कुटी (महाराज सागरको दक्षिणी-पूर्वी कोना), राम जानकी भगवान कुम्हार कुटी, रामजानकी कुम्हार कुटी (महाराज सागर), रामजानकी तेली कुटी, स्वर्ण मण्डप, बीन जातीय कुटी, मलाह जातीय कुटी, रामजानकी ब्राह्मण कुटी, सतानन्द आश्रम (सीताकुण्ड), रामजानकी मुसहर कुटी (दिनाभद्री कुटी) रहेका छन् । यस्तै जनक हजारी संस्कृत विद्यापीठ कम्पाउण्ड भित्र लक्ष्मीनारायणको विशाल मंदिर रहेको छ ।

अमूर्त सांस्कृतिक सम्पदाहरूमा यी मठ-मंदिर, कुटी, आश्रम आदिमा गाइने भक्तिगीत, कीर्तन-भजन, रामायण पाठ, नवाह परायण, अष्टयाम यज्ञ, हनुमान आराधना रहेका छन् । कतै-कतै मंदिरहरूमा, मैथिली लोकगीत तथा लोक नाच पनि गर्ने गरिन्छ । व्यापारिक दृष्टिकोणले यो क्षेत्र त्यति विकसित छैन तर राजमार्गको वरिपरि खाद्यान्न पसल, होटल, खाजा तथा सा-साना किराना पसलहरू रहेका छन् ।

### ६. बेलाकुटी करिडोरः

यस करिडोरको लम्वाइ लगभग ७ कि.मि. रहेको छ । यो करिडोर पुरन्दर सरको पूर्व-दक्षिण हुँदै मठिचौक (माछा बजार चौक) पार गरेर बसहिया रोडको हनुमान मंदिरको दक्षिण भाग हुँदै दूधमतीको बेला चौकमा पुगिन्छ । त्यहाँबाट बेलाकुटीको गेट हँदै उत्तर तिरको वाटो लागेर पुनः परिक्रमा सडक पार गरी पुरन्दर सरको पश्चिम डीलबाट जानकी चौकमा गएर मिल्छ ।

यस करिडोरमा पर्ने मूर्त सांस्कृतिक सम्पदाहरूमा पुरन्दरसर, दूधमती नदी, रामजानकी तत्माकुटी, रामजानकी मुसहर कुटी, गौड कुटी, जनकपुरधामको वर्तमान बस स्टैण्ड, रामजानकी बेला कुटी, हनुमान मंदिर (बसहिया सडक), दक्षिण काली मंदिर (बसहिया सडक) रहेका छन् । यस्तै अमूर्त सम्पदाहरूमा यी मठ-मन्दिर तथा कुटीहरूमा गाइने कीर्तन-भजन, रामायण पाठ, दिनाभद्री महाराजको लोकगीत रहेका छन् ।

यसै करिडोर अन्तर्गत नयाँ बस स्टैण्ड परेको हुनाले किराना, फलफूल, होटल, खाजा, मिठाइ पसल आदिले राम्रो व्यापारिक अवसर पाएका छन् । यसै करिडोर अन्तर्गत जानकी शरण होटल पनि रहेको छ ।

### ७. पाप मोचनी करिडोर:

यसको शुरुआत पनि जानकी चौक बाट भइ राजदेवी मंदिरको पश्चिम पट्टीको बाटो हुँदै संकटमोचन मा.वि. अगाडिबाट विश्वकर्मा चौक पार गरेर सोझै पापमोचनी मंदिरसम्म गएको छ । पापमोचनी मंदिरको पश्चिम भागबाट बसहिया रोड हुँदै पुरानो बस स्टैण्ड पार गरेर कलवार कुटीको उत्तर साइड हुँदै बजरंग चौक पारगरी पुनः जानकी चौक नै फर्कन्छ । यस करिडोरको लम्बाइ ७ कि.मि. छ । यस करिडोरमा पाइने मूर्त सांस्कृतिक सम्पदाहरूमा विश्वकर्मा मंदिर, पापमोचनी मंदिर, कलवार कुटी रहेका छन् । यस्तै अमुर्त सम्पदाहरूमा यी मठ मंदिरहरूमा गाइने भक्तिगीत-संगीत, भजन-कीर्तन, दशैंमा गाइने झिझिया लोकगीत तथा लोक नाच रहेका छन् । यस भित्र व्यापारिक पसलहरूमा विभिन्न औषधी, लटगेना, कपडा, फलफूल, इलेक्ट्रीक समान, मोबाइल मरम्मत केन्द्र, पुस्तक, चिया तथा खाजा पसलहरू रहेका छन् । यस क्षेत्रमा केही होटलहरू पनि संचालित रहेका छन् ।

### ८. अन्तर्गृही परिक्रमा करिडोर:

यसको लम्बाइ लगभग ८ कि.मि. छ । यस करिडोरको शुरुआत कदम चौकबाट दक्षिणतर्फ बढ्दै विषहरा चौक विद्यापति चौक, विश्वकर्मा चौक, भठीचौक (माछा बजार चौक), भ्रमरपुरा चौक, याज्ञबल्क्य चौक, वाल्मिकी चौक, रत्नसागर चौक (पिडारी गाउँ), पिडारी चौक, बेलही चौक, शुभनारायण चौक, भानु चौक हुँदै कदम चौकमा फर्की अन्त हुन्छ । यस परिक्रमा करिडोरको दायाँ-वायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा कदम चौकमा अवस्थित मनोकामनासिद्ध पंचमुखी हनुमान, राधाकृष्ण मंदिर (गोपाल सेवा समिति), कृष्ण मंदिर (मुरलीसर), शिवमंदिर (मुरलीसर), दुर्गा मंदिर (मुरलीसर), अब्जेश्वर महादेव महाकवि विद्यापतिको सालिक (विद्यापति चौक) विश्वकर्मा मंदिर, रत्नसागर कुटीले निर्माण गरेको राजानकी मंदिर, प्रेमलता रमण कुञ्ज (सिगरेट फैक्ट्रीको पश्चिमको मूलद्वार नजिक), शहीद शुभनारायणको सालिक, सोना महारानी देवी मंदिर रहेका छन् । यसै करिडोरको पश्चिम भागमा यज्ञबल्क्य संस्कृत मा.वि,.मुरली सर (विद्यापति चौक), विषहरा सर रहेका छन् ।

यस्तै अमूर्त सांस्कृतिक सम्पदाहरूमा यी मठमन्दिरहरूमा गाइने भक्तिगीत, भजन-कीर्तन तथा मैथिलीलोक गीत रहेका छन् । व्यवसायिक रूपले हेर्दा यस सडकको वरिपरि विभिन्न सरसमानका ठुल्ठूला पसलहरू रहेका छन् ।  खासगरी कदम चौक, विषहरा चौक विश्वकर्मा चौक, पिडारी चौक, वेल्ही चैक, शुभनारायण चौक, भानु चौक प्रमुख व्यापारिक केन्द्र रहेका छन् । यस मार्गको निर्माण गराउने साधुको नाम मौनी बाबा अवधकिशोर दास बैष्णव रहेका छन् । वहाँले परिक्रमाबासीको कठिनाइलाई ख्याल गरी श्री ५ को सरकारबाट अनुदान ल्याइ सडक निर्माण तथा मर्मतका काम गराएका थिए । त्यसैले यसलाई मौनी बाबा परिक्रमा सडक पनि भनेको छ ।

**९. मध्य परिक्रमा करिडोर :**

यसको लम्बाइ १०५ कि.मि. रहेको छ । यस परिक्रमाको शुरुआत जनकपुरधाम-धनुषाधाम मार्गको बाटोमा पर्ने कचुरी स्थित मिथिलाविहारी मंदिरबाट रामजानकीका डोला उठी फाल्गुण अमावस्याका दिन श्रद्धालुहरू जनकपुरधामको हनुमान गढी (हनुमान नगर) मा जम्मा हुन्छन् । यहाँबाट दोस्रो विहान अर्थात शुक्ल परेबाका दिन भारतको विहार प्रान्तमा पर्ने कल्याणेश्वर स्थानमा गइ विश्राम गरि पुनः दोस्रो दिन अर्थात शुक्ल द्वितीयाका दिन गिरिजा स्थानमा विश्राम लिन्छन् ।

यस्तै क्रमशः तृतीयाका दिन त्यहाँबाट नेपालको मटियानीमा विश्राम पछि भोलीपल्ट जलेश्वर पुग्ने गरी हिडेका हुन्छन् । यसरी क्रमशः पंचमीका दिन मडइ, षष्टीका दिन ध्रुवकुण्ड, सप्तमीका दिन कञ्चनवन, अष्टमीका दिन क्षिरेश्वरनाथ, नवमीका दिन धनुषाधाम, दशमीका दिन सतोषर (सप्तपोखरी), एकादशीका दिन हरुसाहा, द्वादशीका दिन भारत विहारको करुणा, त्रयोदशीका दिन विसौल र चतुर्दशीका दिन पुनः कल्याणेश्वर हुँदै सोही दिन जनकपुरधाममा आएर विश्राम लिन्छन् । भोली पल्ट अर्थात पूर्णिमाका दिन गंगासागरमा स्नान गरी अन्तर्गृही परिक्रमा घुमेर आ-आफ्ना घरतिर लाग्छन् । यस परिक्रमाको घुमाइ अवधि १५ दिनको हुन्छ ।

यस परिक्रमा मार्गमा पर्ने मूर्त सम्पदाहरूमा प्रमुख सम्पदाहरू कचुरीको मिथिला विहारी मंदिर, हनुमान नगरको रामजानकी हनुमान मंदिर, कल्याणेश्वरमा कल्याणेश्वर महादेव गिरिजा स्थानमा गिरिजा मंदिर, मठियानीमा लक्ष्मीनारायण मंदिर, जलेश्वरमा जलेश्वरनाथ महादेव मंदिर, मडइमा रामजानकी तथा महादेव मंदिर, ध्रुबकुण्डमा ध्रुवमंदिर तथा ध्रुबकुण्ड, कञ्चनवनमा इच्छावती गंगा र विरजा गंगाको साथ साथै रामजानकी मंदिर,

मनोरम वनजंगल, महेन्द्रनगरमा क्षीरेश्वरनाथ महादेव मंदिर, धनुषाधाममा पिनाङ्क धनुषको अंश अवशेष, रामजानकी मंदिर, वनजंगल, पोखरी, तलाउ, वनस्पति उद्यान, सतोषरमा सप्तऋषि पोखरी, विमलानदी, रामजानकी मंदिर, शिवलिङ्ग मठ, करुणामा रामजानकी मंदिर रहेका छन् ।

यी मठ मन्दिरहरूमा गाइने भक्तिगीत, संगीत, कीर्तन-भजन, आरती पाठलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यी विश्राम स्थलमा परिक्रमाबासी भक्तजनबाट गाइने लोकगीतहरूलाई पनि अमूर्त सम्पदामा जोड्न सकिन्छ । व्यापारिक दृष्टिकोणले यी विश्राम स्थलहरूमा साना-साना बजारको दृश्य हेर्न पाइन्छ । यी बजारहरू खाद्यान्न, फलफूल, लताकपडा, श्रृंगार, लटगेना, किराना पसलहरूका राम्रो अवसर रहेका छन् ।

## ५. निष्कर्ष र सुझाव (Conclusion and Recommendation)

### निष्कर्ष (Conclusion):

जनकपुरधामलाई दुई पाटोमा हेर्नुपर्ने हुन्छ । पहिलो भनेको प्राचीन जनकपुरधाम र दोस्रो भनेको आधुनिक जनकपुरधाम हुन । प्राचीन जनकपुरधामलाई जनकबंशले दिएका कुशल तथा विद्वान तथा राजाहरूद्वारा जनकपुरधाम शासित थिए भने आधुनिक जनकपुरधाम एउटा विशेष धाम तथा स्थानीय शासनका केन्द्रको रूपमा मात्र सिमित भएको छ । अहिले विश्वका हिन्दूहरू मात्र होइन अन्य धर्मालम्बीहरू समेत जनकपुरधाममा आएर पवित्र हुन चाहन्छन् । हुनत आधुनिक जनकपुरधामको खोजी महात्मा शूरकिशोरदास वैष्णवको प्रयासबाट भएको प्रमाण छ । पछि अन्य सन्त महन्थले जनकपुरधामको विकासमा ईटहरू थप्दै आए । अहिले नेपालका प्रदेश नं. २ को प्रादेशिक राजधानी तथा धनुषा जिल्लाको सदर मुकाम रहेको छ ।

आजको जनकपुरधाममा विश्वका पर्यटकहरू समेत रुचि राख्न थालेका छन् । उनीहरूका आवत-जावतले जनकपुरधामको चहल-पहलमा निकै वृद्धि भएको छ । नयाँ-नयाँ होटलहरू खुलेका छन् । पर्यटकहरूलाई जनकपुरधाम भ्रमण गर्न सजिलो कसरी हुन्छ भने सोचका साथ जनकपुरधाम सम्पदा मार्ग सिमाञ्कन खाका तयारीको सिलसिलामा यो सानो खोजलाई मूर्त रूपमा ल्याइएको छ । यस खाकामा आधुनिक प्रविधिको प्रयोग गरी इन्टरनेटको माध्यमबाट जनकपुरधामका विभिन्न पवित्र स्थल, पोखरी, सर, तलाउ, कूप,

मठ, मन्दिर, कुटीहरूका अवलोकनमा सहजताको काम गरोस भने उद्देश्य साथ जनकपुरधाम सम्पदा मार्ग सीमाङ्कन खाका कोर्ने काम भएको छ ।

अहिलेसम्म जनकपुरधामको बाटो-घाटो तथा सर-सफाइलाइ हेर्दा वर्तमान समयमा केही सुधार भएको अवस्था छ । पर्यटककालागि पर्यटन स्थल बन्दै आएको छ । जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साह तथा उपमेयर रिताकुमारी मिश्रको सक्रियतामा जनकपुरधामका सडकहरू अहिले लगभग पक्कीकरण भैसकेका छन् । मठ मन्दिर तथा कुटीहरूमा समेत मर्मत/सम्भार तथा रंग/रोगनकालागि स्थानीय सरकारबाट सहयोग भेटिरहेका छन् । जनकपुरधामका जानकी मंदिर लगायत केही मंदिरहरूलाई विश्व सम्पदा सूचीमा दर्ता गराउन अथक प्रयास जारी छ । यस्ता सांस्कृतिक सम्पदाको विकासमा सबैको हातेमालो आवश्यक छ ।

जनकपुरको विकास हामी नै गर्ने हो भने उद्देश्यकासाथ अगाडी बढ्दा पक्कै गन्तव्यमा पुगिन्छ । अहिले प्रविधिको युग हो । प्रविधिले प्रत्येक पक्षलाई छोएको छ । प्रविधिको विकास विना हामी चाहेका विकासको स्तरसम्म पुग्न कठिन छ । यसले तयार गर्ने खाकाबाट जनकपुरधामका विभिन्न सांस्कृतिक सम्पदा, धार्मिक स्थल, प्रमुख जलाशय, मंदिर, कुटी तथा अन्य सडक, चौक, बाटो-घाटोलाई इन्टरनेट संग जोडेर विश्व समक्ष सजिलै पुऱ्याउन सकिन्छ । अर्कोतिर नेटमा राख्दा विश्वका पर्यटकहरू घरै बसी-बसी आ-आफ्ना मोबाइल, लैबटप तथा अन्य विद्युतीय साधन मार्फत जनकपुरधाम बारे विस्तारमा जानकारी पाउन सक्ने छन् । भविष्यमा यसले जनकपुरधामलाई पर्यटनको क्षेत्रमा निकै ठूलो गन्तव्य स्थल हुनेमा विश्वास गर्न सकिन्छ ।

अर्कोतिर जनकपुरधाम रहेका बाटा/घाटालाई मूल मार्ग, सहायक मार्ग र उपसहायक मार्गका रूपमा छुट्याएर बाँडिएका छन् । अर्कोतिर जनकपुरधामको सम्पूर्ण क्षेत्रलाई समेटेर नौवटा करिडोरमा राखिएका छन् । यी करिडोरहरू जानकी करिडोर, बिहार कुण्ड करिडोर, मणीमण्डप करिडोर, कुपेश्वरनाथ करिडोर, विद्यापीठ करिडोर, बेलाकुटी करिडोर, पापमोचनी करिडोर, अन्तर्गृही परिक्रमा करिडोर र मध्यमा परिक्रमा करिडोर छन् ।

यो सानो प्रतिवेदन तयार गर्न विभिन्न सम्बन्धित साहित्यको अवलोकन तथा अध्ययन गरिएका छन् । यस प्रतिवेदनलाई पूरा गर्न अध्ययन गरिएका विधिहरूमा प्राथमिक तथा द्वितीय तथ्याङ्क संकलन विधिहरूलाई प्रयोगमा ल्याएका छन् । अनुसन्धान तयार गर्न विभिन्न विधिहरूको सहयोग लिने गरिन्छ । अहिलेको कुनै पनि अनुसन्धान प्रतिवेदन वैज्ञानिक

विधिमा आधारित रहेको हुन्छ । अनुसन्धान भनेको नयाँ कुराको पता लगाउनु वा गरिएका अनुसन्धानलाई नयाँ ठंगले पुनर्लेखन गरेको हुनुपर्छ । यसमा नयाँ नयाँ क्षेत्रलाई गहिरो र विस्तारपूर्वक सूचना तथा संचारलाई प्रयोग गरेको हुनुपर्दछ । कुनै पनि अनुसन्धानमा मानव जातिलाई केन्द्रबिन्दुमा राखेर पूर्णता दिनु पर्दछ । यस प्रतिवेदनमा पनि पर्यटकलाई केन्द्रबिन्दुमा राखेर कति सुविधा दिन सकिन्छ भने उद्देश्य राखेर तयार गर्ने काम भएको मान्न सकिन्छ ।

**सुझाव (Recommendations):**

जनकपुरधामको पर्यटन विकासमा जनकपुरधाम सम्पदा मार्ग सीमाङ्कन खाकाले एउटा ठूलो भूमिका खेल्ने छ । कुनै पनि क्षेत्रको विकासमा बाटो-घाटोको प्रमुख स्थान हुँदो रहेछ । हिजोको जनकपुरधाम भन्दा आजको जनकपुरधामले निकै ठूलो फर्को मारेको छ । जति फर्को मारेपनि जनकपुरधामलाई जबसम्म विश्व सम्पदा सूचीमा दर्ता हुँदैन तबसम्म विश्वका पर्यटकलाई तान्न कठिनै हुने देखिन्छ । हुनत नेपाल, भारत लगायत विश्वका हिन्दूहरू जनकपुरधामलाई इन्द्रपुरीको रूपमा मानेर आउनेहरूको कमी छैन ।

अर्कोतिर विकास भनेको एउटा यस्तो शब्द हो जसको अन्त छैन । संसारको प्रविधि विकाससंगै अगाडी बढ्नु निकै ठूलो चुनौति रहेको छ । सामुहिक प्रयासबाट पक्कै हामी गन्तव्य ठाउँमा पुग्ने नै छौं भने आशावादी हुनै पर्दछ ।

जनकपुरधामलाई अझै विश्व पर्यटकहरूका सामुने ल्याउन तत्कालै केही गर्नु पर्ने कुरा रहेका छन् । हुनत यसमा हाम्रो स्थानीय सरकार तन-मनले लागि रहेको भएपनि निम्नानुसारका केही सुझावहरू राख्न चाहन्छु :

१) जनकपुरधामका मठ मन्दिर तथा कुटीहरूलाई सुधारको आवश्यकता देखिन्छ । त्यसमा केन्द्रदेखि स्थानीय स्तरसम्मको सहयोग आवश्यक रहेको छ । यसका लागि एउटा गुरुयोजनाको आवश्यकता रहेको छ ।

२) जनकपुरधामलाई पोखरीहरूका शहर भनेर चिनिन्छ तर आजको दिनमा यी पोखरीहरू स्थानीयहरूबाट निकै अतिक्रमित भइ रहेका छन् । बाँकीको पोखरीहरूका अवस्था पनि ठीक छैन । यी पोखरीहरू निकै फोहर तथा दुर्गन्धित रहेका छन् । यसैले अतिक्रमित तथा लोप भएका पोखरीहरूको खोजको साथै सरसफाइमा ध्यान जानु पर्दछ ।

३) पोखरीका डीलहरूमा हरिया बोट-बिरुवाको बृक्षारोपन गरी हरियो जनकपुरधाम बनाउन सहयोग गर्नु पर्ने  देखिन्छ ।

४) सडकको दायाँ-वायाँ भागमा रुख रोप्ने काम भएपनि यसको निरन्तरता तथा सुरक्षामा ध्यान जानु पर्दछ ।

५) प्रत्येक सांस्कृतिक तथा धार्मिक सम्पदा स्थलसम्म पुग्न पक्की सडकको व्यवस्था हुनुपर्दछ ।

६) जनकपुरधाममा अवस्थित धार्मिक स्थल, मठ, मन्दिर, कुटी, पोखरी, तलाउ, सर, कुण्ड, कूपहरूका महत्वलाई व्यापक प्रचार-प्रसारमा ल्याउनु पर्ने हुन्छ ।

७) जनकपुरधामलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको धार्मिक तथा सांस्कृतिक सहरसम्म पुग्न बाटो-घाटोको सम्बन्ध हुनु पर्दछ ।

८) रेल्वे तथा हवाइ मार्गको विकासमा जोड दिनु पर्दछ । जनकपुरधामको हवाइ मैदानलाई अन्तर्राष्ट्रिय स्तरको मैदानमा परिणत गर्ने प्रयास हुनुपर्दछ ।

९) जनकपुरधामका सम्पूर्ण धार्मिक महत्त्व बोकेका स्थल, मंदिर, कुटी, जलाशयहरूलाई विद्युतीय प्रचार-प्रसारमा राख्नु पर्दछ । यहाँ एउटा ठूलो धार्मिक संग्राहालयको निर्माण हुनु पर्दछ । यी सबै ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरूलाई इन्टरनेटमा राखेर विश्व सामुने पुऱ्याउनु पर्ने आवश्यकता रहेको छ ।

निष्कर्षमा भन्नुपर्दा कुनै कुराको योजना बनाएर मात्र हुँदैन । यसलाई प्रयोगमा कसरी ल्याउने त्यातातिर पनि बृहत् छलफलको आवश्यकता हुन्छ । यस्ता छलफलबाट निस्केका कुरालाई बुझेर मात्र योजना कार्यान्वयन तिर जानु पर्दछ । अर्कोतिर यसको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग कसरी प्राप्त गर्न सकिन्छ त्यतातिर पनि अथक प्रयास गर्नुपर्ने देखिन्छ । आशा गरौं यो ‘जनकपुरधाम सम्पदा मार्ग सिमाङ्कन खाका’ ले एउटा भरपर्दो सहयोग गर्ने छ ।

**सन्दर्भ पुस्तकहरू (Reference Books):**

1) Adulyadez, H.M. King Bhumibol, 1999, The Story of Mahajanak.

2) Barghat, Richard: The Disappearance and Reappearance of Janakpur, Kailas, Journal of Himalayan Studies part-6, Kathmandu, Ratna Pustak Bhandar, 1978.

3) Bhramar, Ram Bharos kapari (2004), Cultural Heritages of Janakpur, Publisher: Greater Janakpur Area Development Council, Janakpurdham.

4) विमल, डा. राजेन्द्रप्रसाद, मिथिलाक इतिहास, संस्कृति र कला परम्परा, काठमाण्डु हिमालय बुक स्टल, वि.सं. २०७४ ।

5) Chaudhary, Radha Krishna: Mithila in the Age of Vidyapati, Chaukhamba Oriental, Baransi- 1976.

6) Jha, Makhan, The Sacred Complex in Janakpur, Ilahabad, United Publisher 1971.

7) Kelly Thomas; Janakpurdham The Land Steeped in Mythology 2011, Published by : Nepal Tourism Board, Bhrikuti Mandap, Kathmandu, Nepal.

8) मलंगिया, महेन्द्र, मै जनकपुर हूं, प्रकाशकः संतोष पब्लिकेशन, कर्णघण्टा, बाराणसी ।

९) मल्लिक, डा. शैलेन्द्रनारायण, जनकपुरको इतिहास, वि.सं. २०७४, प्रकाशकः एस मिथिला, जनकपुरधाम ।


१०) प्रसाद, रामहृदय, जनकपुर दर्पण, वि.सं. २०७३, प्रकाशकः शैलेन्द्रकुमार दास, जनकपुरधाम ।


११) Rakesh, Ram Dayal, Janakpur, The Sacred Jewel of Nepal (2005 AD), Published by Safari Nepal, Baneshwar, Kathmandu, Nepal.


१२) शरण, रामकुमार, मिथिला महात्म्य, जनकपुर परिचय, प्रकाशकः श्री जानकी पुस्तक भण्डार, जनकपुरधाम (नेपाल)


# जनकपुरधामको नक्सा






उत्तर
पूर्व
कॉरिडोर
क्र.
(१)
(१)



उत्तर
पश्चिम
पूर्व
दक्षिण
परिक्रमा सड़क
रत्नसागर
हनुमान मंदिर
अग्निकुण्ड
नारायण चौक
रामानन्द चौक
जानकी चौक
हनुमान द्वार
विहार कुण्ड
(2)
विवाह मण्डप
जानकी मंदिर
राजमार्ग
कॉरिडोर
नं. 2
(विहार कुण्ड कॉरिडोर)



मणिमण्डप
उत्तर
पश्चिम
पूर्व
दक्षिण
फुटबल मैदान
GMC Jabalpur
विश्वकर्मा मंदिर
विश्वकर्मा मंदिर
रतनसागर
रेल्वे लाइन
परिक्रमा सडक
रुक्मिणी घर
नारायण चौक
रामानन्द चौकी
अरगजा (पोखरी) घर
जानकी चौक
जानकी मंदिर
लक्ष्मण मंदिर
राममार्ग
परिक्रमा सडक
करिडोर नं. 3
(मणिमण्डप करिडोर)


उत्तर
पश्चिम
पूर्व
दक्षिण
जानकी चौक
विवाह मण्डप
जानकी मंदिर
शिव चौक
शिव मंदिर
ग्यारह रुद्र हनुमान
विद्यापति चौक
गोपाल घर
हनुमान मंदिर
करिडोर
नं० ४


उत्तर
पश्चिम
पूर्व
दक्षिण
राजमार्ग
सीता कुण्ड
परिक्रमा रोड
राजमार्ग
जानकी मन्दिर
विवाह मण्डप
लक्ष्मण मन्दिर
राम जानकी
राजमार्ग
कोरिडोर नं० ५
(विद्यापीठ कोरिडोर)


उत्तर
पश्चिम
पूर्व
दक्षिण
परिक्रमा सड़क
राजमार्ग
विवाह मण्डप
लक्ष्मण मंदिर
TVS
Showroom


उत्तर
पश्चिम
पूर्व
दक्षिण
NIC ASIA BANK
परिक्रमा सडक
परिक्रमा सडक


हिमालय श्रृंखला
उत्तर
दक्षिण
पश्चिम
पूर्व
विदेह भूमिका
बारह नाम :
जनकपुर
हनुमाननगर
धनुषा जिल्ला
महोत्तरी जिल्ला
सिरहा जिल्ला
कोसी नदी
भारत
जयनगर
संकेत
मध्यमा परिक्रमा
(पञ्चकोसी-
परिक्रमा)
गङ्गानदी
बृहत् परिक्रमा

**This document has been prepared with the support of the Nepal Urban Resilience Programme (Sudridh-NURP), funded by UK Aid from the UK government; however, the views expressed do not necessarily reflect the UK government's official policies.**